

# न्यायमा पहुँचः
# मानवअधिकारको सुनिश्चितताकालागि सामुदायिक मध्यस्थता कार्यक्रमको विकास

- दिनेश नारायण शुद्धकार

**एक रणनीतिक नोटबुक**

प्रकाशक
सेन्टर फर भिक्टिम्स अफ टर्चर
न्यू ट्याक्टिक्स इन ह्यूमेन राइट्स प्रोजेक्ट

**प्रकाशक**
सेन्टर फर भिक्टिम्स अफ टर्चर
न्यू ट्याक्टिक्स इन ह्युमेन राइट्स प्रोजेक्ट
७१७ इष्ट रिभर रोड
मिनाएपोलिस एम एन ५५४१० यु.एस.ए.
www.cvt.org, www.newtactics.org

**लेखन तथा अनुवाद**
दिनेश नारायण शुद्धकार

**नेपाली प्रकाशन तर्फ**

**सम्पादन**
शम्भु प्रसाद कट्टेल , हेमाङ्ग शर्मा, अनुपमा सुब्बा

**लेआउट सहयोगी**
पुण्यराम प्रजापति

**© २००६ सेन्टर फर भिक्टिम्स अफ टर्चर**
स्रोत उद्धरण गरी प्रकाशन गर्न सकिने

**टिप्पणी** : यस नोटबुकमा प्रस्तुत विचारहरु सम्बन्धित लेखकका हुन् र यिनले न्यू ट्याक्टिक्स मानवअधिकार परियोजनालाई प्रतिनिधित्व गर्नुपर्दछ भन्ने छैन ।

**अंग्रेजी प्रकाशन तर्फ**

**डिजाइन**
सुजन एभरसन

**लेआउट**
क्रिटिन भान स्याण्ड

**नोटबुक सिरिज एडिटर**
नान्सी एल. पियरसन

**कपीएडिटिङ्ग**
कारलिन फ्रोनेक

**न्यायमा पहुँच : मानवअधिकारको सुनिश्चितताकालागि सामुदायिक मध्यस्थता कार्यक्रमको विकास**

४
लेखकको परिचय

५
न्यू ट्याक्टिस तालिम प्रवन्धकको पत्र

६
परिचय

७
पृष्ठभूमि :- सामुदायिक मध्यस्थता समितिको उत्पत्ति

८
नेपालमा महिलाहरूको स्थिति

९
नेपालमा विवाद समाधानको अभ्यास

१०
सामुदायिक मध्यस्थता रणनीतिको मुख्य स्वरूपहरू

११
महिला समितिको प्रादुर्भाव

११
कार्यक्रम सन्चालनका कदमहरू

१३
सामुदायिक मध्यस्थतमाको प्रभाव

१५
अवधारणालाई सफल बनाएका मुल पक्षहरू

१५
वास्तविक प्रतिफल

१६
रणनीतिको कार्यान्वयनका मुख्य चुनौतीहरु

१८
निष्कर्ष

NEW Tactics
in Human Rights

## संस्थाको परिचय

### यातना पीडित सरोकार केन्द्र, नेपाल (सिभिक्ट)

सिभिक्ट सन् १९९० मा स्थापित एक नाफारहित गैरसरकारी संस्था हो । स्थापना कालदेखि नै यसको क्रियाकलाप (प्रयास) यातनापीडितहरूको पुनर्स्थापना तथा यातनाको रोकथाममा केन्द्रित रहिआएको छ ।

सिभिक्ट विगत १५ वर्षभन्दा बढिको समयदेखि नेपालमा यातनापीडितहरूको पुनर्स्थापनामा सक्रिय रूपमा सेवारत छ । यसमा सिभिक्टले औषधी उपचारको साथै मनोसामाजिक सेवाहरूमा जोड दिई पीडित व्यक्तिहरु तथा उनीहरूको परिवारलाई सामान्य जीवनमा फर्कनका लागि सहयोग पुर्‍याउँछ ।

सिभिक्टको लक्ष्य नेपालमा मानवीय सम्मानको पुनर्स्थापना गर्ने, दण्डहीनताको अन्त गर्ने, तथा यातनाको उन्मूलन गर्ने हो । तथापी मुख्य रूपमा सिभिक्टले यातना तथा अन्य संगठित हिंसाबाट पीडित मानिसहरूलाई उनीहरूको शारीरिक मानसिक तथा सामाजिक भलाइका लागि सर्वाङ्गिण सेवाहरू प्रदान गर्ने तथा परिवार र समुदायमा पुनर्स्थापित हुन सहयोग पुर्‍याउँछ ।

सिभिक्टको क्रियाकलापहरू यातना उन्मूलन तथा मानव अधिकार उल्लंघन र संगठित हिंसा आदिको रोकथामप्रति लक्षित रहेका छन् । यी क्रियाकलापहरू अन्तरगत प्रचारप्रसार, कानुनी सहायता, सत्यतथ्य खोजबिन र प्रकाशन, सामुदायिक मध्यस्थता, सचेतना कार्यक्रम, विभिन्न अभियान तथा सरोकारवाला संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग समन्वय, सहकार्य तथा सञ्चार आदि पर्दछन् ।

## लेखकको परिचय

दिनेश नारायण शुद्धकार भक्तपुर जिल्लाका बासिन्दा हुन् । उहाँले त्रिभुवन विश्वविद्यालयबाट जनसंख्या अध्ययन विषयमा स्नातकोत्तर गर्नुभएको छ । उहाँ सन् २००२ देखि यातनापीडित सरोकार केन्द्र, नेपाल (सिभिक्ट) मा आवद्ध हुनुहुन्छ र हाल रिपोर्ट तथा तथ्याङ्क व्यवस्थापन संयोजकका रूपमा कार्यरत हुनुहुन्छ । यसबाहेक उहाँ त्रिभुवन विश्वविद्यालय भक्तपुर बहुमुखी क्याम्पसमा जनसंख्या अध्ययन विषय अध्यापन गर्नुहुन्छ । उहाँ नेपाल जनसंख्या संघको सदस्य तथा स्कुल अफ एप्लाइड ह्यूमन साइन्सको विषय समितिको सदस्य पनि हुनुहुन्छक।

## सम्पर्क


**दिनेश नारायण शुद्धकार**

संयोजक, रिपोर्ट तथा तथ्याङ्क व्यवस्थापन

यातनापीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल

७१ रेयूकाई मार्ग, काठमाडौं महानगरपालिका

वडा नं. ३ बाँसबारी

पोष्ट बक्स नं. ५८३९, काठमाडौं, नेपाल

फोन : ९७७-१-४३७३९००/४३७३४८६

फ्याक्स : ९७७-१-४३७३०२०

इमेल : suddhakar2000@yahoo.com
cvict@cvict.org.np


## कृतज्ञता


सर्वप्रथम सामुदायिक मध्यस्थता परियोजना जिल्लाहरु-इलाम, झापा र सप्तरीका - सम्पूर्ण जनसमुदाय र मध्यस्थकर्ता साथीहरू जस्को कडा परिश्रम, इमानदारीता र कार्यकुशलताको कारण यो सामुदायिक मध्यस्थता कार्यक्रम ज्यादै सफल र लोकप्रिय बन्न सकेको छ, उहाँहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । उपरोक्त जिल्लाका स्थानिय निकाय र विभिन्न संघसंस्थाहरुको महत्त्वपूर्ण सहयोगका लागि कृतज्ञता ज्ञापन गर्न चाहन्छ ।

यस्तै यस सामुदायिक मध्यस्थता कार्यक्रमका व्यवस्थापकिय टिमका मेरा सहृदयी साथीहरू श्री शम्भु प्रसाद कट्टेल, श्री हेमाङ्ग शर्मा, सुश्री अनुपमा सुब्बा र श्री फणिन्द्र अधिकारीप्रति उहाँहरूको अमूल्य सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । यस्तै सिभिक्टका कार्यकारी निर्देशक डा. भोगेन्द्र शर्मा र सञ्चालन निर्देशक श्री शैलेन्द्र गुरागाईं प्रति उहाँहरुको सहयोग तथा प्रोत्साहनका लागि हार्दिक कृतज्ञता जाहेर गर्दछु । यस्तै प्रकारले सामुदायिक मध्यस्थता कार्यक्रमको सल्लाहकार समितिको सदस्यहरूमापनि उहाँहरुको व्यवसायिक सरसल्लाह तथा सहयोग जस्ले कार्यक्रम सञ्चालनमा मार्गदर्शन दिनमा टेवा पुर्‍याएको छ उहाँप्रति पनि हार्दिक धन्यवाद जाहेर गर्दछु । यस नोटबुकको नेपाली लिपीलाई टाइपसेट गर्ने श्रीमती जीवन पौडेल, श्री किशोर कुमार थापा र सुश्री इना गुरुङ्गलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यहाँ मलाई यो नोटबुक तयार गर्न हरतरहले सहयोग गर्ने मेरी श्रीमती गंगालक्ष्मी अवाललाई पनि धन्यवाद दिन चाहन्छु ।

यस्तै श्री नान्सी पियरसन (Nancy Pearson) न्यू ट्याक्टिक्स तालिम प्रबन्धक (New Tactics Training Manager) प्रति उहाँको निरन्तर सुझाव तथा सहयोगका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अन्त्यमा, म सेन्टर फर भिक्टिम्स अफ टर्चर, यू.एस.ए. (Center for Victims of Torture, USA) र फोरम एशिया, थाइल्याण्ड (Forum Asia, Thailand) लाई पनि उहाँहरूको सहयोग र सद्भावका लागि हार्दिक धन्यवाद् दिन चाहन्छु ।

मे २००६

प्रिय मित्रहरू,

मानवअधिकार रणनीतिक नोटबुक श्रृङ्खला अन्तरगत नयाँ रणनीतिहरूमा स्वागत छ। यहाँ हरेक नोटबुकमा एक मानवअधिकारकर्मीले एउटा नविन रणनीति (कौशल), जुन मानव अधिकारको सम्बर्द्धनमा सफलतापूर्वक प्रयोग भइरहेको छ त्यसको व्याख्या गरेका छन्। यी लेखकहरू एउटा वृहत्तर तथा विविध किसिमको मानव अधिकार अभियानका अङ्गका रूपमा सरकारी र गैरसरकारी परिप्रेक्ष्यमा शिक्षा, प्रशासन, कानुन, न्याय तथा मेलमिलापका प्रक्रिया, महिलाअधिकार, मानसिक स्वास्थ्य आदि विभिन्न क्षेत्रमा क्रियाशिल रहिआएका छन्। त्यस्ता रणनीति (कौशल) हरूको प्रयोगले उनीहरूको आफ्नो देशमा मानवअधिकारको सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। साथै त्यस्तो रणनीति अन्य राष्ट्रहरू वा अवस्थाहरूमा समेत ग्रहण गर्न खोजिएमा गर्न सक्नेछन्।

हरेक नोटबुकमा कसरी लेखक र उनको संस्थाले सो रणनीतिमा सफलता पाए भन्ने बारेमा विस्तृत विवरण उल्लेख छ। हामी यहाँ अन्य मानव अधिकारकर्मीहरूलाई रणनीतिक रूपमा सोच्न र मानव अधिकारको प्रवर्द्धनका लागि प्रभावकारी ठानिएका रणनीतिहरूको क्षेत्रलाई अझ फराकिलो बनाउनसमेत प्रोत्साहित गर्न चाहन्छौं।

यस नोटबुकमा यातनापीडित सरोकार केन्द्र नेपाल, (सिभिक्ट) (Centre for Victims of Torture, Nepal-CVICT)ले कसरी मानवअधिकारमा आधारित सामुदायिक मध्यस्थता (Human Rights Based Community Mediation) को प्रक्रिया मार्फत् प्रहरी तथा अन्य औपचारिक निकायहरुमा हुने सम्भावित दूर्व्यवहारको समस्यालाई पन्छ्याएर विवाद समाधान गर्ने रणनीतिलाई नेपालमा स्थापित गरेको छ, त्यस विषयमा चर्चा गरिएको छ। यस सामुदायिक मध्यस्थता प्रक्रियालाई सर्वप्रथम देशको तीनवटा जिल्लाहरूमा नमूना परियोजनाको रूपमा लागू गरिएको थियो। यसक्रममा सिभिक्टले सामान्य सामुदायिक मध्यस्थता प्रक्रिया अपनाई यस अन्तरगत महिला समितिहरूको स्थापना गरी महिलाहरूको विशेष आवश्यकतालाई सम्बोधन गरेको छ। साथमा यसले महिलाहरूको व्यक्तिगत र सामूहिक आवश्यकताहरूलाई समेत सम्बोधन गरी उनीहरूमा सामुदायिक नेतृत्वदायी भूमिकामा सशक्त बनाउने तर्फ एक संवाहकको रूपमा कार्य गर्दछ। यो रणनीतिक कौशल विशेषगरी तिनीहरुकालागि सहयोगी हुनेछ जो सामान्य जनताकालागि अन्य विकल्प विना उनीहरूको समुदायमा रहेका धनी र शक्तिशालीहरुको विपक्षमा उजूरी गर्न तथा न्यायमा पहुँचको विस्तार गर्न तर्फ क्रियाशिल रहिआएका छन्।

यस नोटबुक श्रृङ्खलाको सम्पूर्ण अंकहरू इन्टरनेटमा www.newtactics.org मा उपलब्ध छन्। हाम्रो यस वेवसाइटमा अन्य सामाग्रीहरू, रणनीतिक तथ्यसामाग्रीको विवरण, मानवअधिकारकर्मीकालागि छलफल गर्ने फोरम (Discussion forum), हाम्रो कार्यशाला तथा सेमिनार आदि कार्यक्रमहरूको जानकारी पनि हासिल गर्न सकिनेछ। र, न्यू ट्याक्टिक्स समाचारपत्र प्राप्त गर्नका लागि कृपया हामीलाई newtactics@cvt.org मा इमेल गर्नुहोस्।

न्यू ट्याक्टिक्स मानवअधिकार परियोजना एक अन्तराष्ट्रिय अभियान हो जुन विश्वभरीका विभिन्न संस्थाहरू तथा अभ्यस्तकर्ताहरूको समूहद्वारा नेतृत्व गरिएको छ। यो परियोजना सेन्टर फर भिक्टिम्स अफ टर्चर, यू. एस. ए. (Center for Victims of Torture, USA) ले संयोजन गरेको छ। यसबाट नयाँ रणनीतिहरूको श्रृजनाकर्ता तथा एक पृथक किसिमले मानवअधिकारको संरक्षणकोलागि वकालत गर्ने उपचार संस्थाको रूपमा हाम्रो अनुभव बढेको छ।

हामी आशा गर्दछौं कि तपाईंले यी नोटबुकहरू सूचनामुलक र ज्ञानबर्द्धक पाउनु हुनेछ।

भवदीय,

**नान्सी पियरसन,**
न्यू ट्याक्टिक्स तालिम प्रबन्धक

## १. परिचय (Introduction)

***गाउँमा केही मानिसहरू भेला भएका छन् । उनीहरू सिभिक्टद्वारा तालिम दिइएका मध्यस्थकर्ताहरू हुन् । उनीहरू मध्यस्थता सभा शुरु गर्न खोज्दै छन् । मध्यस्थकर्ताहरू गाउँमा स्वयंसेवकका रूपमा चिनिन्छन् । मानिसहरू त्यहाँ हुन लागेको सभा हेर्न र सुन्न रोकिन्छन् । यसबीच एकजना मध्यस्थकर्ताले सबैलाई स्वागत गर्दछन् र सभा सम्बन्धी नियमहरू भन्न थाल्छन् । उजुरी गर्ने पक्ष, जस्ले मध्यस्थताको आवेदन दिएको थियो उसैले आफ्नो समस्याको प्रस्तुति गरी मध्यस्थता गरिदिन अनुरोध गर्दछन् । त्यसपछि सभाले अर्को पक्षको कुरा सुन्छ । यहाँ दुवै पक्ष आ–आफ्ना समर्थकहरूका साथमा आएका छन्, जस्ले आफ्नो विचार र सुझावहरूसमेत प्रस्तुत गर्न पाउँछन् । सामान्यतया: केही समयको छलफलपछि विवादित पक्षहरू आफैबाट वा समुदायबाट उपयुक्त सुझाव वा समाधानका विकल्प आउँछन् र विवादित पक्ष एउटा सहमतिमा आउँछन् । दुवै पक्षले सहमतिमा हस्ताक्षर गर्दछन् र सबैका सामु हात मिलाउँछन् । त्यसपछि एकजना मध्यस्थकर्ता सबै उपस्थितलाई धन्यवाद दिँदै सभाको विर्सजन गर्छन् । यसप्रकार एउटा विवाद सफलतापूर्वक समाधान हुन्छ । यसरी प्रहरी, अदालत, न्यायाधिश, वकिल तथा अन्यको हस्तक्षेप विना विवाद समाधान हुन्छ । सबैजना खुसीसाथ आ–आफना काममा फर्कन्छन् ।***

यस्ता दृश्यहरू पूर्वी नेपालका तीनवटा जिल्लाहरू इलाम, झापा र सप्तरीका गाउँहरूमा सामान्य भएका छन् । यस्ता अभ्यासहरूले समुदायबीचमा अप्रत्यक्ष रूपमा हाम्रो–भावनालाई सुदृढ बनाएको पाइन्छ । सामुदायिक मध्यस्थता समितिहरूले बिना पूर्वाग्रह सयौं विवादहरू समाधान गरेका छन् र कयौं विवादहरूलाई औपचारिक न्यायिक निकायहरूमा पुग्नबाट रोकेको छ र यसबाट जनसमुदायको पैसा र समय बचाएको छ । साथै विवादित पक्षहरूबीच पनि सामान्य सम्बन्ध पुर्नस्थापन गरेको छ । अर्को थप फाइदा भनेको यसले प्रहरी र अन्य अधिकारीहरूद्वारा हुने दुर्व्यवहार र यातना (मानसिक र शारीरिक) को रोकथाम गर्नु हो । मुख्यगरी यी मध्यस्थता समितिहरूले सर्वसाधारणलाई र विशेषगरी गरिब, महिला र सीमान्तकृत/पिछड्याइएका समूहलाई न्यायमा सरल पहुँच प्रदान गरेको छ ।

सिभिक्टले सन् २००१ बाट यो कार्यको थालनी मानवअधिकार तथा मध्यस्थता समितिको गठनबाट शुरु गरेको हो । यस समितिमा समुदायका पुरुष र महिलाको समन्वयात्मक सहभागिता रहेको हुन्छ जस्तै: न्यूनतम् २५प्रतिशत महिला र उपयुक्त प्रतिशत अंश पिछड्याइएका जनसंख्याको प्रतिनिधित्व हुने गर्दछ । यस रणनीतिअन्तरगत महिला समितिहरूको गठन पनि भएका छन् । यसले महिलाहरूलाई विभिन्न मुद्दाहरू उठाउन सक्षम बनाएको छ जुन सामान्यत: मिश्रित लैगिक समितिमा प्रस्तुत गर्न असजिलो हुने गर्दथ्यो । यसप्रकार यी दुवै मध्यस्थता समिति र महिला समितिले उपरोक्त तीनै जिल्लामा न्यायमा पहुँचको सुधार गर्दै आएका र समुदायको सशक्तिकरणमा समेत योगदान पुऱ्याउँदै आएका छन् ।



सप्तरी जिल्लामा मध्यस्थता सभालाई सम्बोधन गर्दै एक महिला मध्यस्थताकर्ता

उल्लेखित तीनवटा जिल्लाहरूमा गा.वि.स.स्तरमा ९० वटा मानवअधिकार तथा मध्यस्थता समिति र ९० वटा महिला समिति तथा वडास्तरमा ८१० वटा मध्यस्थता समिति बनेका र सक्रिय रहेका छन् । महिला समितिले यसबीच करिब ८००० महिलाहरूलाई चेतनामूलक कार्यक्रममार्फत् सेवा पुऱ्याएका छन् भने ४८६५ महिलाहरूले मानवअधिकार, आधारभूत कानुन र मध्यस्थता सीपसम्बन्धी आधारभूत तालिम हासिल गरेका छन् । तालिम प्राप्त मध्ये ११९३ महिलाहरू हाल स्वयंसेवक मध्यस्थकर्ताका रूपमा कार्य गरिरहेका छन् । यी महिला मध्यस्थकर्ताहरूले हालसम्मका कुल १२७३ विवादहरू मध्येमा ९६४ को सफलतापूर्वक समाधान गरेको छ । यसको साथै मध्यस्थता कार्यक्रमले विभिन्न २८ वटा मुद्दाहरूमा २४ महिलाहरूलाई कानुनी सहायता पुऱ्याएको छ ।

हालसम्ममा उल्लेखित तीन जिल्लाको ९० वटा गाविसहरूमा ५६७० जना तालिमप्राप्त सामुदायिक मध्यस्थताकर्ताहरू रहेका छन् । यी सामुदायिक मध्यस्थकर्ताहरूलाई मानवअधिकार, आधारभूत कानुन, मध्यस्थता सीप र विवाद समाधानमा आधारभूत तालिम प्रदान गरिएको छ । सो तालिमले उनीहरूलाई मध्यस्थता सभा आयोजना गर्न र विवादहरू सुल्झाउन सक्षम बनाएको छ । हालसम्ममा मध्यस्थता समितिहरूले कुल ३८३९ सामुदायिक विवादहरूमध्ये ३१०७ वटा विवादहरू सफलतापूर्वक समाधान गरेकाछन् ।

यी मध्यस्थता समितिहरूको सफलतालाई सम्बन्धित गाविसहरूले आपनो बार्षिक बजेटमा सामुदायिक मध्यस्थताकालागि गरिएको बजेट बिनियोजनलेपनि प्रष्टपार्दछ । मध्यस्थता कार्यक्रमलाई दीगो बनाउन गाविसको सहयोगको ठूलो भूमिका

*गाउँका प्राय:विवादहरू गाउँमै मिलाउन सकिन्छ । तर हामीकहाँ विवाद मिलाउने तरिका प्रभावकारी नहुँदा विवादहरू प्रहरी प्रशासन तथा अदालत पुग्ने गर्दछन् । तर इलामका १५ वटा गाविसहरूमा संचालन भएको मध्यस्थता कार्यक्रमको अनुभव भने फरक छ । गाउँका विवाद गाउँमै समाधान खोज्ने यो कार्यक्रम प्रभावकारी बनेको छ । स्थानीय रूपमा रहेका विवादहरूलाई गाउँमै मिलाएको कारणले राज्यद्वारा स्थापित अंगहरूले गम्भीर किसिमका मुद्दाहरूमा समय दिन पाएका छन् । गाउँका मुद्दा मामिला र विवाद गाउँमै समाधान भएपछि प्रहरी प्रशासन र अदालतमा विवादहरू कमी हुँदै गएको अनुभव हामीले गरेका छौं ।*

*गितप्रसाद तिमिल्सिना, उपन्यायधिवक्ता,*
*पुनरावेदन अदालत,इलाम*

हुन्छ । अर्को महत्त्वपूर्ण पक्ष भनेको न्यायिक तथा स्थानीय निकाय, प्रशासन, प्रहरी लगायत जनसमुदायबीच मध्यस्थता समिति र महिला समितिहरूले पाएको पहिचान हो । मध्यस्थकर्ताहरूको नामावली जिल्ला अदालतको सूचना पाटीमासमेत टाँस गरिएको छ। यसको साथै स्थानिय निकाय, प्रशासन तथा प्रहरीकोतर्फबाटपनि सहयोग पाइएको छ भने अन्य गाविसले यस मध्यस्थता कार्यक्रम सन्चालनकालागि अनुरोध गरिरहेका छन् ।

यस नोटबुकमा सामुदायिक मध्यस्थताका प्रक्रियाका साथै महिला समितिको सम्बन्धमा चर्चा गरिएको छ। यो रणनीतिक कौशल विशेषगरी सामान्य जनतालाई अन्य विकल्प विना उनीहरूको समुदायमा रहेका धनी र शक्तिशालीहरुको विपक्षमा उजुरी गर्न तथा न्यायमा पहुँचको विस्तार गर्न तर्फ सहयोगी हुनेछ। यस रणनीतिले स्थानीय जनतालाई मानव अधिकार तथा आधारभूत कानुनका विषयमा जानकारी दिई मध्यस्थकर्ताका रुपमा तालिम दिन्छ । यसले विशेषगरी महिलाहरूलाई नेतृत्वदायी भूमिका र उनीहरुको व्यक्तिगत तथा सामूहिक आवश्यकताको सम्बोधन गर्नेतर्फ सशक्त बनाउँछ ।

## २. पृष्ठभूमि :- सामुदायिक मध्यस्थता समितिको उत्पत्ति (Background) -

यातनापीडित सरोकार केन्द, नेपाल (सिभिक्ट) लामो समयदेखि यातना, मानव अधिकार र कारागार सुधारसम्बन्धी क्षेत्रमा कार्यरत संस्था हो । यसले आफ्नो प्रयास सामुदायिक तहदेखि नै यातना उन्मूलन गर्ने तथा मानव अधिकारसम्बन्धी चेतना जगाउने कार्यमा सक्रिय बनाएको छ। परिणामस्वरूप स्थानीय तहमा न्यायलाई सुलभ बनाउन सामुदायिक मध्यस्थता कार्यक्रम एउटा रणनीति वा कौशलको रूपमा प्रादुर्भाव भएको छ ।

<u>कोष्ठ १: सामुदायिक मध्यस्थता परियोजना जिल्लाहरू</u>



सिभिक्टले नेपालमा गम्भीर फौजदारी विवादहरूबाहेक अन्य विवादहरू समाधान गर्न एउटा वैकल्पिक व्यवस्थाको सुरुवात गरेको छ । यो जनतालाई बयान दिन वा अपराध कबूल गर्न बाध्य पार्न अपनाइने यातनामूलक क्रियाकलापबाट जनतालाई टाढा राख्ने एउटा नवीन कलाको रूपमा प्रस्तुत भईआएको छ। साथै यसले प्रहरी प्रशासनमा विवादको जाहेरी दिने व्यवस्थालाई समेत धेरै हदसम्म रोकथाम गरेको छ। यसले गरीब, महिला तथा पिछड्याइएका अल्पसंख्यक जनतालाई न्यायमा पहुँच प्रदान गरेको छ।


सिभिक्टले शुरुमा समुदायमा रहेका विवादहरुको सम्बन्धमा एउटा अध्ययन गऱ्यो । अध्ययनमा विवादका लागि प्रहरीसमक्ष जाने एउटै मात्र उपाय वा विकल्प रहेको र प्रहरीबाट अनावश्यक हस्तक्षेप भई यातना दिने तथ्य पत्ता लाग्यो । धेरै विवादहरू प्रहरीको हस्तक्षेप विना समाधान गर्न सक्ने विकल्पको रूपमा सामुदायिक मध्यस्थता कार्यक्रमको थालनी गऱ्यो । फलस्वरुप सिभिक्टले समुदायका अगुवाहरू, मुख्यगरी महिला र सीमान्तकृत/पिछड्याइएका समूहहरू - जस्तो कि कथित दलित तथा अछुत आदिको सहभागितालाई लक्ष्यित गरी विवादको समाधानकालागि मानवअधिकारमा आधारित सामुदायिक मध्यस्थता प्रक्रियासम्बन्धी एउटा तालिम कार्यक्रमको विकास गऱ्यो। सोही तालिमको आधारमा विवाद समाधानको सीप विकास भई मध्यस्थकर्ताहरू स्थानीय विवाद समाधान गर्न सक्षम भएका छन् ।

सामुदायिक मध्यस्थता प्रक्रियामा गम्भीर फौजदारीबाहेक सबै विवादहरू समाधानका लागि विना कुनै भेदभाव सबै उमेर, लिङ्ग, वर्ग वा जातजातिका मानिसहरूलाई पहुँच हुन्छ । मध्यस्थकर्ताहरूले विवादित पक्षहरूलाई सो विवादको विषयमा छलफल गर्न आमन्त्रण गर्दछन् र छलफलको क्रममा उनीहरूबाटै सहमतिका बुँदाहरू खोज्दछन् । सामान्यतया समाधानका कुराहरू सम्बन्धित पक्षहरूबाटै प्राप्त हुने गर्दछ। सिभिक्टले मध्यस्थकर्तालाई कुनैपनि विवादको अग्रगामी निकास खोज्ने वा कानुनी कारवाहीमा अगाडि बढाउने जस्ता कुनै पनि निर्णय गर्ने क्षमता प्रदान गरेको छ । यो कार्यक्रमले गरीब, असहाय, महिला र पिछड्याइएका वर्गलाई मध्यस्थता प्रक्रियामा सहभागी भई आफ्नो विवाद समाधान गर्न हौसला प्रदान गर्दछ ।

सामुदायिक मध्यस्थता परियोजना तीन वर्षे नमूना परियोजनाको रूपमा मार्च २००१ मा शुरु भएको थियो । त्यसपछि यो सिभिक्टको एउटा प्रमुख कार्यक्रमको रूपमा रहिआएको छ। यो परियोजना डिपार्टमेन्ट फर इन्टरनेशनल डेभलपमेन्ट ( डिएफआइडी), इनेब्लिङ्ग स्टेट प्रोग्राम (इएसपी) नेपालको सहयोगमा नेपालको तीन वटा जिल्लाहरु क्रमश: इलाम, झापा र सप्तरीका ३०/३० वटा गाविसमा सञ्चालन भइरहेको छ ।

स्थानीय जनता तथा स्थानीय सरकारी र गैरसरकारी संस्थाहरूसँगको सम्बन्ध र उनीहरूको सहभागीता नै यस परियोजनाको सबल पक्ष हो ।

सामुदायिक मध्यस्थताको नमूना परियोजनाले सफलता पाएर नै यो कार्यक्रम सन् २००७ को मे महिनासम्मका लागि विस्तार गरिएको छ। यसलेपनि परीक्षण परियोजनामा झैं महिला, गरीब तथा पिछड्याइएको वर्गका लागि न्यायमा पहुँच र उनीहरूको सहभागिता विस्तार गर्ने लक्ष्य लिएको छ। अन्य महत्त्वपूर्ण उद्देश्यहरूमा समुदायमा मानवअधिकार तथा कानुनसम्बन्धी चेतना जगाउने र नेतृत्व गर्न सक्ने सीप बढाउने रहेको छ। यसले समुदायका मानिसहरूलाई उनीहरूको अधिकार थाहा पाउन तथा त्यसको अभ्यास र संरक्षण गर्न सक्षम बनाउँछ।




नमूना अवधिमा सामुदायिक मध्यस्थता परियोजना हरेक जिल्लाका १५ गाउँ विकास समिति (गा.वि.स.) मा लागू गरियो। जसमा गाविस स्तरमा ४५ र वडा स्तर ४०५ मानव अधिकार तथा मध्यस्थता समिति गठन गरियो। परियोजनाले महिलाहरूको समस्याको उपयुक्त पहिचान र तिनको समाधान महिलाहरूकै बीचबाट हुनु उपयुक्त ठान्यो। फलस्वरूप महिला समिति निर्माण गरी उनीहरूको अधिकारको वकालत गर्ने एक दवाव समूहको रूपमा विकास गऱ्यो। यस महिला समितिले महिलाहरूका लागि विभिन्न मुद्दाहरू र सरोकारहरू उठाउन सजिलो बनायो जुन उनीहरू संगठित नहुँदा गर्न सकिरहेका थिएनन्।

यसरी क्रमश परीक्षण कालमा नै परियोजनाले गति लियो, तीन वटै जिल्लाका ४५ वटै गाविसमा महिला समितिहरू गठन गरियो। सन् २००४ देखि थप १५/१५ गाविसहरूमा समेत महिला समितिहरूको गठन गरी प्रत्येक जिल्लामा कुल संख्या ३० पुऱ्याइयो। यसरी गाविस स्तरमा ९० मध्यस्थता समिति तथा ९० महिला समिति र वडा स्तरमा ८१० मध्यस्थता समितिहरू गठन भए। *(हेर्नुहोस् कोष्ठ २)*
मध्यस्थता समितिहरू र महिला समितिहरू पूर्ण रूपमा स्थानीय स्तरमा मानवअधिकारको संरक्षण गर्न र न्यायमा सबैको पहुँच बढाउन सक्रिय छन्। यी समितिहरू हाल समुदायमा परिचित संस्थाको रूपमा स्थापित भएका छन्। यो कुरा समितिहरूमा बढ्दो रूपमा दर्ता हुन आएका विवादहरूको संख्याले पुष्टि गर्दछ। मानवअधिकारमा आधारित मध्यस्थताको प्रक्रिया, सरल पहुँच, परिचित स्वयंसेवकहरू र निष्पक्ष सहजिकरणजस्ता कुराले यसलाई बढाएको हो। मध्यस्थताले पुऱ्याएको सेवा र अपनाएको प्रक्रियाले गरिब, महिला तथा अन्य पिछड्याइएका मानिसलाई मध्यस्थता समितिहरूतिर आकर्षित गरेका छन्। मध्यस्थता समितिले विवादको अभिलेख राख्ने गर्दछ। तर यदि विवादित पक्षहरूले नचाहेको खण्डमा अभिलेख राख्ने कार्य गरिदैंन।

> *हामी कहाँ मुद्दामामिलाहरूको लहरो छ। राजनीतिक दल र नेतालाई लगाएर उचाल्ने पछार्ने कार्यले यसलाई झनै बढावा दिएको छ। यस्तो अवस्थामा गाउँमै विवाद मिलाउने मध्यस्थताको अवधारणा सामाजिक न्यायको प्रभावकारी कदम हो। हाम्रो जस्तो देश जहाँ यातायात संचारको समस्या छ धेरै मानिस निरक्षर छन्, त्यहाँको लागि मध्यस्थता कार्यक्रम प्रभावकारी छ। दलित र गरीब परिवारका लागि त यो कार्यक्रम झनै फाइदाजनक छ।*
>
> *आनन्दराज पाखरेल*
> *प्रमुख जिल्ला अधिकारी,*
> *सप्तरी*

## ३. नेपालमा महिलाहरूको स्थिति
## (The Status of Women in Nepal)

सन् २००१ को राष्ट्रिय जनगणना अनुसार नेपालमा कुल जनसंख्याको आधा भन्दा केही बढी अर्थात् १ करोड १६ लाख (५०.५ प्रतिशत)[1] जनसंख्या महिलाले ओगटेको छ। तर महिलाहरूलाई पुरुषसरह अधिकार, स्रोत तथा अवसरहरूको समान बाँडफाँडबाट भने टाढा राखिएको छ जसले गर्दा महिलाको अवस्था पुरुषको तुलनामा दयनीय रहिआएको छ। सामान्यतया महिलाहरूको स्थितिलाई उनीहरुले आफ्नो गतिशिलता, विवाह सम्बन्धी निर्णय, आधारभूत अधिकार र घरायसी तथा सामुदायिक निर्णयमा सहभागिता आदिमा उपभोग गर्ने स्वतन्त्रताको अवस्थाद्वारा मापन गर्ने गरिन्छ। नेपालमा बहुसंख्यक महिलाहरू आधारभूत अधिकारहरु र अवसरहरुबाट बिमुख रहिआएका छन्।

कोष्ठ ३

**नेपालका सामान्य सूचकाङ्क, २००१**

| | |
|---|---|
| क्षेत्रफल | : १४७ १८१ ब.कि.मी. |
| राजधानी | : काठमाण्डौं |
| प्रशासकिय विभाजन | |
| विकास क्षेत्र | : ५ |
| अन्चल | : १४ |
| जिल्ला | : ७५ |
| गाउँ विकास समिति | : ३९१३ |
| नगरपालिका | : ५८ |
| कूल जनसंख्या | : २३ १५१ ४२३ |
| पुरुष जनसंख्या | : ११ ५६३ ९२१ |
| महिला जनसंख्या | : ११ ५८७ ५०२ |
| जनघनत्व | : १५७ प्रति ब.कि.मी. |
| शहरी जनसंख्या | : १४.२ प्रतिशत |
| मानव विकास सूचकांक | : ०.४६६ |
| साक्षरता | : ५४ प्रतिशत (पु.६५ र म.४३) |
| औसत आयु | : ५९.५ वर्ष |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २००२, *नेपालको जनगणना २००१-राष्ट्रिय प्रतिवेदन,*

१ : केन्द्रीय तथ्याङ्क विभाग, २००२, *नेपालको जनगणना २००१-राष्ट्रिय प्रतिवेदन,* काठमाण्डौं राष्ट्रिय योजना आयोग

धेरै अध्ययनहरुले के देखाउँछ भने धेरैजसो साँस्कृतिक समूहहरुमा शिक्षा, तालिम, रोजगारी, भूमि, सम्पत्ति आदि लगायत विवाह, घरपरिवार सम्बन्धी निर्णय जस्ता विषयहरुमा महिलाहरूको भूमिकालाई धेरै हदसम्म सीमित पारिएको छ । यद्यपी महिलाहरूको स्थिति साँस्कृतिक समूहहरु अनुसार फरकफरक रहेको पाइन्छ । र, परम्परागतरुपमा यहाँ अन्य धेरैजसो विकासन्मुख राष्ट्रहरुमा जस्तै महिलाहरू पिल्सिएका छन् ।

नेपालको संविधान २०४७ (सन् १९९१) ले सबै नागरिकलाई कानुनअनुसार समान संरक्षण प्रदान गरिने छ भनी उल्लेख गरेको छ । कुनै पनि नागरिकलाई सार्वजनिक सेवाहरूको पहुँचमा जात, धर्म, वर्ण, लिङ्ग, आदिका आधारमा भेदभाव नगर्ने कुरा संविधानले स्पष्ट गरेको छ ।[२] संविधानले महिला र पिछड्याइएका मानिसको सुरक्षा र प्रगतिको लागि विशेष व्यवस्था पनि गरेको छ । यस्तै नेपालले महिला विरुद्धको भेदभावको उन्मूलनसम्बन्धी राष्ट्रसंघीय अभिसन्धी (United Nations Convention on Elimination of Discrimination Against Women - CEDAW) मा पनि पक्षका रूपमा हस्ताक्षर गरेको छ ।

आजकल नेपालमा महिला अधिकारका बारेमा चेतना बढेर आएको छ । महिला अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि नेपाल सरकारले विभिन्न नीति तथा योजनाहरूसमेत सञ्चालन गरेको छ । सरकारले छुट्टै महिला मन्त्रालय, राष्ट्रिय महिला आयोग लगायत महिला संघसस्थाहरूको निर्माण गरी सशक्तिकरणतर्फ जोड दिएको छ । साथै महिलाहरूकालागि शिक्षा, स्वास्थ्य, रोजगारी तथा प्रशासन आदी क्षेत्रमा अवसरहरू बढाउने रणनीति तय गरी विकासका क्रियाकलापहरूमा महिलाको भूमिकालाई सक्रिय पार्न विभिन्न नीतिहरूको पनि विकास गरेको छ । यद्यपी कार्यान्वयनको स्तर भने अझैं पनि धेरै कमजोर रहेको छ । साथै महिलाहरूमाथिको भेदभाव जीवनको सबै पक्षहरूमा, उदाहरणको लागि परिवार, समुदाय राजनीति तथा सरकारी प्रशासनमा आदीमा यथावत नै देख्न सकिन्छ । निजामती सेवा तथा अन्य धेरै विकास कार्यक्रमहरू लैङ्गिक समानताका सवालमा स्पष्ट छैनन् । यसका अतिरिक्त शिक्षा स्वास्थ्य, रोजगारी, पैत्रिक सम्पत्तिको अधिकार आदीमा महिलाको पहुँच कमजोर देखिन्छ ।

पितृसतात्मक संस्कृति र नीति निर्माण तहमा महिलाको आवाजको सुनुवाई नहुनु नै लैङ्गिक समानताका लागि दुई प्रमुख व्यावधानहरू हुन् ।[३] संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले नेपाल मानव विकास प्रतिवेदन २००२ मा स्पष्ट रूपमा भनेको छ– लैङ्गिक समानता, महिला सशक्तिकरण तथा उनीहरूको स्रोत तथा साधनमाथिको पहुँच आदि सन्दर्भमा नीतिनियमहरू भएता पनि स्रोतसाधनको अपर्याप्त परिचालन र सरकारको प्रभावकारी भूमिकाको अभावमा समाजका कमजोर वर्गको अवस्था ज्यूँका त्यूँ छ । अपवादका रूपमा केही क्षेत्रहरू जस्तै उपभोक्ता समिति, सामुदायिक तथा सरकारी संघसस्थाहरूमा महिला तथा विपन्न वर्गको सहभागिताको व्यवस्था गरिएतापनि यो सामान्यत: देखावटी जस्तो मात्र भएको छ ।[४] महिला र पिछड्याइएका वर्ग न त आफ्नो अधिकारबारे सचेत छन् न त उनीहरू चरम गरीबी



महिला मध्यस्थकर्ताहरू एउटा समस्या सम्बन्धि छलफल गर्दै

र शोषणका कारण अधिकारको अभ्यास गर्ने अवस्था मै छन् । यसप्रकार संवैधानिक व्यवस्था र सरकारी नीतिहरू विद्यमान भेदभाव निर्मूल गर्न कहिल्यै पनि पर्याप्त हुन सकेनन् । निष्कर्षमा महिलाहरूले कानुनी तथा सामाजिक न्याय पाउनका लागि धेरै कठिनाईहरूको सामना गर्नु परिरहेको छ ।

## ४. नेपालमा विवाद समाधानको अभ्यास

## (Dispute Settlement Practice in Nepal)

### ४.१. औपचारिक निकायहरु

नेपालमा औपचारिक न्यायप्रणाली धेरै मानिसहरू विशेषगरी गरीब, महिला र पिछड्याइएका वर्गको पहुँचभन्दा टाढा छ । धेरै ग्रामीण मानिसहरू लामो दूरी (भौगोलिक) र अदालतले अपनाएका जटिल प्रक्रियाहरू तथा लाग्ने वकिल र अन्य खर्च आदिका कारण यो प्रणालीमा जान नै चाहदैनन् । संवैधानिक तथा कानुनी प्रावधानका बावजूद पनि राज्यका विभिन्न निकायहरू निष्पक्ष भई काम गर्न सकिरहेका छैनन् । यस बारेमा विशेष गरी न्याय क्षेत्र, प्रहरी तथा कारागार प्रशासनको नाम लिने गरिन्छ र यी निकायहरू मानवीयसमेत नरहेको स्वीकारिन्छ । समाजमा रहेका असक्षम वा कमजोर पक्षबाट हेर्दा यी निकायहरू पक्षपाती भएजस्तो भान हुन्छ ।[५]

यद्यपी नेपालमा न्यायपालिका संविधानत् शक्तिशाली रहेको छ तथापी माथि उल्लेखित कमजोरीका कारण समग्र जनधारणा यसतर्फ सकारात्मक रहेको पाईदैन । यसो

*गाउँका विवाद र झै-झगडाहरू गाउँमै मिलाउने यो कार्यक्रम हेरेपछि मलाई लाग्यो, यो कार्यक्रम नेपालको ग्रामीण समुदायकालागि उपयुक्त छ । मुद्दामामिलामा ग्रामीण समुदायको ठूलो खर्च हुन्छ र दुई पक्षबीच जीवभर बेमेल हुने अवस्था उत्पन्न हुन्छ । मध्यस्थता कार्यक्रमबाट गरीब र विपन्न समुदायले ठूलो फाइदा पाउने छन् ।*

*भूपनाथ शर्मा*
*स्थानीय विकास अधिकारी*
*सप्तरी*

२ कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, २०४७ नेपाल अधिराज्यको संविधान २०४७ (१९९१), काठमाण्डौ, कानून किताव व्यवस्था समिति

३ श्रेष्ठ, सूर्य प्र., शैलेन्द्र सिग्देल र तारक के.सी. १९९९, गभर्नेन्स एसेसमेन्ट इन नेपाल ( नेपालमा शासकीय मुल्याङ्कन) ललितपुर, नेपाल प्रशासकीय प्रतिष्ठान , व्यवस्थापकीय निर्देशनालय विभाग ।

४ यूनाइटेड नेशन्स डेभलोपमेन्ट प्रोग्राम (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम) २००३, नेपाल मानव विकास प्रतिवेदन २००२, ललितपुर, यूएनडिपी। नेपाल

५ श्रेष्ठ, सूर्य प्र., शैलेन्द्र सिग्देल र तारक के.सी. १९९९, गभर्नेन्स एसेसमेन्ट इन नेपाल ( नेपालमा शासकीय मुल्याङ्कन) ललितपुर, नेपाल प्रशासकीय प्रतिष्ठान, व्यवस्थापकीय निर्देशनालय विभाग ।

हुनुमा अदालतको असक्षमता वा ढिलासुस्ती, भ्रष्टाचार, कमजोर व्यवस्थापन, राजनीति तथा अन्य सम्बन्धित सामाजिक तथा आर्थिक पक्षहरू नै हुन् । अदालतको असक्षमता मुख्य रूपमा सरल र चुस्त न्याय सम्पादनमा देखिन्छ। यस्तै लामो र जटिल प्रक्रिया तथा अत्याधिक खर्च (उदाहरणको लागि वकिलको खर्च, यातायात खर्च, आदी) ले धेरै मानिसको लागि अदालती व्यवस्था पहुँचभन्दा बाहिरको कुरा भएको छ । यस सम्बन्धमा एक अध्ययनअनुसार नेपालमा कुल विवादको १५ प्रतिशतभन्दा कम विवाद अदालतमा पुग्ने गर्दछ ।[६] यसको अतिरिक्त नेपालमा गरीबका लागि कानुनी सहायताको व्यवस्थापनि कमजोर रहेको छ ।

नेपालमा कमजोर वर्गका मानिसहरू विवाद समाधानकालागि अर्धन्यायिक निकायहरू, जिल्ला प्रशासन, प्रहरी, वन, भूमिसुधार, राजस्व कार्यालय आदिमा जाने गर्दछन्। यी निकायहरूले आफूसँग सम्बन्धित विवादहरूको समाधान पनि गर्दै आइरहेका छन् । तर यस्ता निकायहरूमा पनि भ्रष्टाचार तथा शक्ति र पैसाको खेल नहुने होइन । परिणामस्वरूप यी निकायहरूमापनि जनताको सकारात्मक धारणा रहेको पाईंदैन । तरपनि उनीहरू आपनो समस्या वा गुनासोको छिनोफानो तथा वैधानिकताका लागि यी निकायहरूतिर धाउन बाध्य छन् ।

यहाँ प्रहरी प्रशासनको पनि विशेष उल्लेख गर्नुपर्ने हुन्छ। सामान्यतया मानिसहरू प्रहरीप्रति त्यति सकारात्मक धारणा राख्दैनन् र प्रहरीबाट टाढै रहन्छन् । फलस्वरूप प्रहरीले गर्ने काममा समेत उनीहरूको विश्वास कम रहेको पाईन्छ। ग्रामीण क्षेत्रमा प्रहरीबाट हुने यातना तथा यौन दूराचारपनि धेरै प्रचलित रहेको बताइन्छ। यसबाहेक मुख्य रूपमा प्रहरीसँगको भेटमा मानिसहरूले पाउने क्रूर व्यवहारबाट प्रमुख समस्या उब्जेको पाइन्छ । तथापी मानिसहरू विवादको जाहेरी गर्न र सोको समाधान वा न्यायको लागि प्रहरीकहाँ नै पुग्नु पर्दछ । जे जस्तो भएपनि प्रहरीले धेरै विवादहरू समाधान गर्ने गरेको छ चाहे त्यो सामान्य प्रहरीका रूपमा होस् वा सामुदायिक प्रहरीका रूपमा होस् । वास्तवमा प्रहरीले विवाद समाधान गर्नु कानुन तथा प्रहरी नियम विपरीत रहेको छ र यो एक प्रकारले शक्तिको गलत प्रयोग नै हो । कानुन विपरित हुने कार्य जबरजस्ती शक्तिको प्रयोग हो जसमा सामान्यतया पक्षपाती हुने सम्भावना बढी रहन्छ।

*पहिले पहिले मानिसहरूको मुद्दामामिलामा ठूलो खर्च हुन्थ्यो । वकिल राख्नु पर्ने, प्रशासनमा आउँदा जाँदा खर्च हुने हुनाले मानिसहरूलाई समस्या थियो । त्यसैले मानिसहरू अन्याय खपेर बस्न बाध्य हुन्थे । गाउँघरमा भएका मध्यस्थताका अभ्यासहरूले प्रहरी प्रशासनलाईसमेत ठूलो टेवा पुगेको छ । मध्यस्थकर्ताहरूले स्वयंसेवकको रूपमा बस्तीहरूमा जुन ढंगले मध्यस्थताका क्रियाकलापहरू संचालन गरिरहेका छन् । त्यसलाई हामीले उच्च मुल्यांकन गर्नुपर्छ । समुदायका सानातिना विवाद र झैं-झगडाहरू प्रहरी प्रशासनमा आउने प्रचलन थियो र अझै पनि छ । तर यो कार्यक्रम संचालन भएका गाविसबाट विवादहरू प्रहरीसम्म आउन छाडेकोले विवादको संख्यामा निकै कटौती भएको छ । यसलाई हामीले सकारात्मक रूपमा लिएका छौं । गाउँगाउँसम्म रहेको हाम्रा प्रहरी एकाइहरूले मध्यस्थकर्ताको कार्यक्रममा सघाएका छन् । यो कार्यक्रम अझ बढ्ने हो भने यसले प्रहरी र प्रशासनको कार्यभार मा कमी ल्याउने छ । समुदायमा मिलाउन सकिने सानातिना विवादहरू समुदायमै मिल्नु आफैमा पनि सकारात्मक कुरा हो ।*

*नवीन अधिकारी,*
*प्रहरी उपरिक्षक,सप्तरी*

६ क्षेत्री, आर. बि. र एस.पी. कट्टेल, २००४ डिस्पप्यूट रिजोलुसन इन नेपाल - अ सोसियो - कल्चरल परपेस्टिभ (नेपालमा विवाद समाधान एक सामाजिक सांस्कृतिक दृष्टिकोण), काठमाण्डौं यातनापीडित सरोकार केन्द्र, नेपाल (सिभिक्ट)

### ४.२. अनौपचारिक निकायहरु

नेपालमा अनौपचारिक संस्थाहरू तथा व्यवस्थाहरू परम्परादेखि नै विवाद समाधानमा सक्रिय छन् र यिनीहरू धेरै परम्परागत र थोरै आधुनिक अभ्यासको अनुशरण गर्दछन् । नेपालमा परम्परागत विवाद व्यवस्थापन अन्तरगत पारिवारिक समूह, सामुदायिक समूह, गाउँका प्रधान वा मुखिया, धार्मिक समुदाय तथा अन्य समूह आदि पर्दछन् । यस्तो समूह वा व्यवस्थाको प्रमुख प्राथमिकता भनेको सामाजिक व्यवस्था कायम राख्नु हो ।

अनौपचारिक व्यवस्थाको आफ्नै इतिहास छ र यो अभ्यास अद्यावधि प्रचलित छ। यी व्यवस्थाहरूले विवाद समाधानमा देशको धेरैजसो भू-भागहरूमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् । किनकी साधारण मानिसहरूकालागि आफ्नो समस्या लिई अदालत जानु त्यति व्यावहारिक हुँदैन। परिणामस्वरूप गाउँ समुदाय तथा धार्मिक वा राजनैतिक नेताहरूले ग्रामीण नेपालमा विवादहरूको व्यवस्थापन गर्दछन् र मानिसहरू औपचारिक निकायभन्दा यिनीहरू बढी प्रभावकारी रहेको विश्वास गर्दछन् । यद्यपी यी व्यवस्थाहरूका प्रशस्तै कमीकमजोरीहरू छन् जस्तोकी यीनिहरू प्रायः बाध्यकारी हुन्छन्, अर्थात् जबरजस्ती समाधानतिर लाग्दछन् र विवादित पक्षहरूको अधिकार अथवा आधारभूत मानवअधिकारप्रति चासो र ध्यान राख्दैनन् । यहाँ विवाद समाधानकर्ताहरू कसरी विवादित पक्षहरूको असन्तुष्टी हटाई विवादलाई सकारात्मक नतिजाका साथ समाधान गर्ने भन्नेबारेमा तालिम पाएका हुँदैनन् । एउटा विकल्पका रुपमा सिभिक्टको सामुदायिक मध्यस्थता प्रक्रिया जस्ले मानव अधिकार, आधारभूत कानुन तथा विवाद समाधानकालागि मध्यस्थता सीपको ज्ञान तथा तालिम प्रदान गर्दछ, त्यसले समुदायमा मानिसहरुलाई दुवै पक्षको आवश्यकता पूर्ति गर्ने नतिजाहरुको खोजी गर्ने अवसर प्रदान गरेको छ ।

## ५. सामुदायिक मध्यस्थता रणनीतिको मुख्य स्वरूपहरू (Key Features of the Community Mediation Tactic)

सामुदायिक मध्यस्थताको रणनीतिक आधार भनेको शिक्षा तथा चेतना अभिवृद्धिको लागि सहभागितामूलक तथा अधिकारमा आधारित तालिममार्फत स्थानीय व्यक्तिहरूलाई सफल मध्यस्थकर्ता बनाउने नै हो। विवाद वा द्वन्द्वमा फसेकाहरूकालागि यो कार्यक्रमले आफ्नो विकल्प आफै खोज्न मद्दत गर्दछ । यो कार्यक्रमले खासगरी पिछड्याइएका वर्गको स्तरवृद्धि र न्यायको पहुँच अभिवृद्धिमा जोड दिन्छ ।

सामुदायिक मध्यस्थताको सबैभन्दा महत्त्वपूर्ण फाइदा भनेको यो स्वयंसेवक प्रणालीमा आधारित कार्यकम हो जहाँ विना कुनै भेदभाव सबै जनसमुदायलाई स्वागत गरिन्छ। यही अवधारणाले नै मानिसलाई यस कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्दछ । माथि भनिए झैं यो कार्यक्रमले मध्यस्थता समितिहरू तथा महिला समितिहरूमा सहभागी हुन प्रोत्साहित गर्दछ। मध्यस्थता कार्यक्रमले यसका लागि "आरक्षण" प्रणालीको पनि व्यवस्था गरेको छ। उदाहरणका लागि प्रत्येक मध्यस्थता समितिमा न्यूनतम २५ प्रतिशत महिला र उपयुक्त वा समानुपातिक हिसाबले पिछड्इएका वर्गको सहभागितामा जोड दिन्छ। समानुपातिक सहभागिता स्थानीय जनसंख्याको संरचनामा आधारित हुन्छ । महिला समितिहरू भने पूर्ण रूपमा महिलाद्वारा निर्मित र चलायमान छन् ।

**कोष्ठ ४: मध्यस्थता सभाका चरणहरु**

मध्यस्थता कार्य - विवाद दर्तादेखि किनारा लगाउँदासम्म-को चरण यसप्रकार छन् :

१. विवाद दर्ता कार्य - लिखित वा मौखिक
२. घटनाको विश्लेषण (मध्यस्थता वा रिफर गर्ने)
३. विवादको दोश्रो पक्षसँग सम्पर्क
४. मध्यस्थता सभाको निर्णय- स्थान, मिति र समय
५. मध्यस्थता सभा:
क. एक मध्यस्थताकर्ताद्वारा सबैलाई स्वागत
ख. हरेक व्यक्तिद्वारा आफनो परिचय प्रस्तुत
ग. मध्यस्थताकर्ताद्वारा सपथ ग्रहण
घ. सामान्य नियमको प्रस्तुति - बोल्ने, सोध्ने तरिका आदि
ङ. पहिलो र दोश्रो पक्षद्वारा घटनाको प्रस्तुति
च. मध्यस्थताकर्ताद्वारा बुदाँगत संक्षेपीकरण
- मध्यस्थता सभा र अदालतका फाईदा र बेफाईदाहरु
- विवाद वा घटनाका कानुनी पक्षका विषयमा स्पष्टता
- दुवै पक्षसँग उनीहरुको राय माग
छ. दुवै पक्षसँग समझदारी माग
ज. सवैभन्दा उत्तम समाधानको खोजी गर्नमा सहजीकरण
झ. समाधानको विकल्पका सम्भावित प्रभावहरुका बारेमा चर्चा
ञ. शर्तनामाको प्रस्तुति र कानुनसँग मिलान
ट. यदि स्वीकार भएमा करारपत्रको तयारी र दुवै पक्ष, साक्षी तथा मध्यस्थताकर्ताहरुको दस्तखत लिइने
ठ. सामाजिक मान्यता अनुसार विवादित पक्षहरुवीच मित्रता गराउने
ड. सभाको विसर्जन तथा धन्यवाद ज्ञापन

एउटा अध्ययनपछि सिभिक्टले अनौपचारिक सामुदायिक स्तरको अभ्यास तथा व्यवस्थाको आवश्यकता पहिचान गऱ्यो । गाविसहरुले विवाद व्यवस्थापन गर्दै आएका थिए । हाम्रो मध्यस्थताको रणनीतिले पनि स्थानीय विवाद समाधानका लागि गाविस संरचनाको नै परिचालन तथा उपयोग गर्ने गर्दछ । यो मध्यस्थता कार्यक्रमले औपचारिक न्यायिक निकायहरुमा समेत सबै वर्गका पहुँचमा गर्न मद्दत गर्दछ । स्थानीय तहमा मध्यस्थता समिति तथा महिला समितिको गठन गर्न, तालिम प्रदान गर्न र मध्यस्थता सभा नियमित गर्न जिल्लास्थित एउटा गैरसरकारी संस्थासँग साझेदारी गर्ने गरेको छ ।

## ६. महिला समितिको प्रार्दुभाव
## (Emergence of the Women Committee)

महिला समितिको अवधारणा सामुदायिक मध्यस्थता कार्यक्रमको योजना निर्माणकै समयमै भएको थियो तर केहि सीमित संख्यामा मात्र यसको निर्माण गर्ने योजना थियो तर सामुदायिक मध्यस्थता कार्यक्रम लागू भएको केहि समयमा नै व्यापक माग बढेर गई हरेक गाविसमा एउटा छुट्टै समितिको आवश्यकताको महसुस गरियो । मुख्यगरी विवादहरुको गोप्यता कायम गर्न, महिला मध्यस्थकर्ता हरुको सहयोगले मात्र विवाद समाधान गर्ने वातावरण तयार गर्न र महिला अधिकारको वकालत गर्न हरेक गाविसमा महिला समिति आवश्यक महसुस गरियो । केहि विषयमा महिलाहरु आफ्नो कुरा प्रस्तुत गर्न असहज मान्दछन् अर्थात् पुरुष मध्यस्थकर्ताहरु सामु त्यस्तो विषयमा कुरा गर्न अप्ठ्यारो महसुस गर्दछन् । यस्ता महिलाका संवेदनशील विषयहरुमा पुरुषलाई पनि सजिलो हुँदैन । त्यसकारण महिला समितिहरु मार्फत महिला मध्यस्थकर्ताद्वारा त्यस्ता विषयमा छलफल गर्न सजिलो हुने ठानी हरेक गाविसमा एउटा छुट्टै समितिको गठन गर्ने निर्णय भयो । जुन समिति महिलाहरुको मुद्दामा मात्र केन्द्रित रहन्छ र यसले एउटा दबाब समूहको रुपमापनि काम गर्दछ ।

महिला समितिले सबै खाले विवादहरु मध्यस्थताबाट समाधान गर्न सल्लाह प्रदान गर्दछ । विशेषगरी महिलासँग सम्बन्धित विवादहरुको समाधान गर्न महिला मध्यस्थकर्ताहरुले सहयोग गर्दछन् । यस व्यवस्थाले महिलाहरुलाई आफ्नो कुरा वा मुद्दा निर्धक्क रुपमा प्रस्तुत गर्ने ठाउँ दिएको छ र यसले महिला मध्यस्थकर्ताहरुलाई सामाजिक न्यायमा सहभागी हुने अवसर दिएको छ । यसले महिलाहरुको घरबाहिरको भूमिकाको राम्रो पहिचान तथा महशुस गराएको छ जसलाई उनीहरुका श्रीमान्, परिवार तथा पूरा समाजले स्वीकारेका छन् ।

महिला समितिको मुख्य उद्देश्य महिलाहरुलाई आफ्नो अधिकारप्रति सचेत गर्नु र उनीहरुको न्यायमा पहुँच बढाउनु हो । नेपालमा महिला असाक्षरता धेरै उच्च रहेको छ र उनीहरु आर्थिक रुपमा पुरुषमाथि निर्भर हुनुपरेको छ । अर्कोतर्फ विभिन्न स्रोत साधनहरुमा उनीहरुको पहुँच ज्यादै सीमित छ । जसले गर्दा कुनैपनि निर्णयकारी प्रक्रियामा सहभागी हुन महिलाले पुरुषबाट स्वीकृती लिनुपर्ने अवस्था रहेको छ जुन यो समितिको पनि एउटा प्रमुख व्यवधान हो । त्यसैले महिला समितिले समुदायमा महिला अधिकार तथा आधारभूत मानव अधिकारको सशक्त रुपमा वकालत गर्ने गरेको छ । मध्यस्थता समितिले जस्तै महिला समितिले पनि महिलाहरुलाई संगठित गर्ने, तालिम दिने, आधारभूत अधिकारबारे चेतना अभिवृद्धि गर्ने र विवाद समाधानका लागि मध्यस्थतामा जान हौंसला प्रदान गर्दछ । यसप्रकार यस समितिले महिलाहरुलाई संगठित हुन र आफ्नो संघर्षलाई न्याय र अधिकारका लागि सशक्त गर्न सहयोग गर्दछ । यो समितिको प्रमुख सकारात्मक नतिजा भनेको नै यसले महिलाहरुको सामाजिक, साँस्कृतिक, आर्थिक, तथा कानुनी क्षेत्रमा सशक्तिकरण गरी नेतृत्वदायी भूमिकाको विकास गरेको छ ।

## ७. कार्यक्रम सञ्चालनका चरणहरु
## (Steps in Implementing the Tactic)

### ७.१ कार्यक्रम क्षेत्रको छनौट

सामुदायिक मध्यस्थता कार्यक्रम लागू गर्ने जिल्ला र ती जिल्लाका पहिलो वर्ष र दोस्रो वर्ष कार्यक्रम लागू गर्ने गाविस छनौट गर्नु पहिलो महत्त्वपूर्ण चरण थियो । सो बारेमा प्रथमत् द्वन्द्वले कम प्रभाव पारेका तीन जिल्ला छान्नु थियो जुन फरकफरक विशेषता बोकेको हुन जरुरी थियो । सर्वप्रथम यस बारेमा व्यापक छलफल र सल्लाहपछि पूर्वी नेपालका इलाम, झापा र सप्तरी जिल्लाहरुमा कार्यक्रम लागू गर्ने निर्णय गरियो । यी जिल्लाको विशेषता तल उल्लेख गरिएको छ ।

## जिल्लाको सामान्य परिचय [७]

**इलाम** पहाडी प्रदेशमा पर्दछ र पहाडी बासिन्दाको लगभग समान किसिमको सामाजिक स्वरूप यस जिल्लामा छ। यहाँ कम विवादहरू उठ्दछन् र अदालत तथा अन्य अर्धन्यायिक निकायहरूमापनि कममात्र मुद्दाहरू छन्। नगदे बाली र उत्पादनको हिसाबले यो जिल्ला निकै अगाडि छ। मुख्यगरी चिया, दूध तथा अन्य नगदे बालीहरूको उत्पादन हुने यो जिल्ला आर्थिक रूपले राम्रो अवस्थामा रहेको पाइन्छ। इलाम जिल्लामा छानिएको साझेदार संस्था **मानवअधिकार** मञ्च, इलाम ख्यातिप्राप्त र मानव अधिकारको क्षेत्रमा प्रभावशाली संस्थाको रूपमा रहेको छ।

**झापा** तराई क्षेत्रमा पर्दछ। यहाँ पहाडी र मैदानी क्षेत्रमा बासिन्दाहरूको मिश्रित बसोबास रहेको छ। यहाँ इलामको तुलनामा विवादहरू तथा मुद्दामामिलाहरू अत्याधिक रहेका छन्। यस जिल्लाको आर्थिकस्तर नेपालको मापदण्ड अनुसार मध्यम स्तरमा पर्दछ। यस जिल्लामा साझेदार संस्थाको रूपमा जिल्लाको प्रभावशाली र मानव अधिकारको क्षेत्रमा कार्यरत **नेपाल सामुदायिक विकास केन्द्र** रहेको छ।

**सप्तरी** तराई क्षेत्रमा पर्दछ। यस जिल्लाका अधिकांश बासिन्दा तराई मूलका छन्। तराईको विशेषता नै भएर होला सप्तरीमा अत्याधिक मात्रामा विवाद तथा मुद्दामामिलाहरू हुने गर्दछन्। यहाँका धेरै मानिसहरू गरीब र पिछड्याइएका छन्। त्यसैगरी जातीय तथा आर्थिक भेदभाव प्रचलित छ। यहाँको साझेदार संस्था **मानवअधिकार तथा सामुदायिक विकास प्रतिष्ठान** सिभिक्टको सहयोगमा स्थापना गरिएको थियो। यस संस्थामा जिल्लाका अधिकारवादी व्यक्तित्वहरू कार्यरत छन्।

**कोष्ठ ५: परियोजना जिल्लाका केही सूचकाङ्क, २००१**

| | |
|---|---|
| **ईलाम** | |
| कूल जनसंख्या | : २८२ ८०६, |
| शहरी जनसंख्या | : ५.७४ % |
| साक्षरता | : ६६ % (पुरुष :७४ र महिला : ५८) |
| मानव विकास सूचकांङ्क | : ०.३८० |
| नगर | : १ |
| गाउँ विकास समिति | : ४८ |
| **झापा** | |
| कूल जनसंख्या | : ६८८ १०९, |
| शहरी जनसंख्या | : १३.०३ % |
| साक्षरता | : ६९ % (पु ७५ र म : ५८) |
| मानव विकास सूचकांङ्क | : ०.४२१ |
| नगर | : ३ |
| गाउँ विकास समिति | : ४७ |
| **सप्तरी** | |
| कूल जनसंख्या | : ५७० २८२, |
| शहरी जनसंख्या | : ५.३२ % |
| साक्षरता | : ४९ % (पु : ६३ र म : ३५) |
| मानव विकास सूचकांङ्क | : ०.३७४ |

## ७.२ मध्यस्थता समितिको गठन प्रक्रिया

सिभिक्टले जिल्लामा साझेदार संस्थाहरू तथा स्थानीय व्यक्तित्वहरूसँगको सहकार्यमा विभिन्न प्रकारका भेला, छलफल, अन्तरक्रिया आदि कार्यक्रमहरू सञ्चालन गरी जनचेतनामा अभिवृद्धि गरी मध्यस्थता तथा महिला समितिहरूको गठन गर्ने गरेको छ। यसलाई संक्षेपमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ।


### ७.२.१. आम भेला वा सर्वदलीय बैठक

सर्वप्रथम विभिन्न स्थानीय समूहहरू (राजनीतिक दलहरू, सामाजिक तथा सामुदायिक संघसंस्थाहरू साँस्कृतिक समूह/संस्थाहरू, युवा समूह, क्लबहरू आदि), महिला समूहहरू (आमा समूह, महिला सहकारी समूह) र अल्पसंख्यक तथा पिछड्याइएका वर्गका प्रतिनिधिहरूलाई आमभेलामा सहभागी भई छलफलका लागि पत्राचार तथा आग्रह गरिन्छ। यस्तै प्रकारले गाविस तथा वडा प्रतिनिधिहरू र स्थानीय प्रभावशाली व्यक्तिहरू जो स्थानीय स्तरमा सशक्त रूपमा भूमिका खेल्न सक्दछन् आदिलाई पनि बोलाइन्छ। यो कार्यक्रममा मानव अधिकार, आधारभूत कानून र मध्यस्थतासम्बन्धी व्यापक छलफल गरिन्छ।

सो भेलामा सामुदायिक मध्यस्थता, यसमा अपनाइने विवाद व्यवस्थापन प्रक्रिया, यसका फाइदा तथा सीमाहरूको विषयमा सविस्तार बयान गरिन्छ। त्यसपछि मध्यस्थता समिति गठन प्रक्रिया, मध्यस्थकर्ताका विशेषताहरू र मध्यस्थता समितिको कार्य क्षेत्र, सदस्यहरूको छनौट र योग्यता आदि विषयहरूमा छलफल तथा अन्तरक्रिया गरिन्छ। अन्तमा सबै क्षेत्रबाट सहयोग पाउन वचनबद्धता प्राप्त भएमा अन्य कार्यक्रमहरू सञ्चालन गरिन्छ। जसमध्ये पहिलो कार्यक्रम भनेकै सोही भेलाले एउटा मानवअधिकार र मध्यस्थता समितिका लागि केही प्रतिनिधिहरू छान्दछ।

### ७.२.२. वडास्तरीय अन्तरक्रिया कार्यक्रम

गाविसमा आमभेला सम्पन्न भएपछि वडा स्तरीय अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरिन्छ। यसमा मुख्यगरी कार्यक्रम सञ्चालन, मध्यस्थता समितिहरूको गठन तथा मध्यस्थकर्ताहरूको चयनसम्बन्धी छलफल हुन्छ। यस छलफलमा पनि आम भेलामा भएकै विषयमा



सचेतना तथा आम भेलामा सहभागी स्थानिय बासिन्दाहरू

७ शर्मा, हरिभक्त र अन्य (सं. २००२), डिस्टिक्ट डेमोग्राफिक प्रोफाइल अफ नेपाल (नेपालको जिल्लाको जनसांख्यिकी विवरण) काठमाण्डौं, अनौपचारिक क्षेत्र अनुसन्धान तथा अध्ययन केन्द्र।

छलफल गरिन्छ। साथै मध्यस्थता कार्यपद्धतिका विषयमा पनि जानकारी गराइन्छ । यस्तै मध्यस्थकर्ताको कामकर्तव्य तथा यसका फाइदाहरू ( जस्तोकी नयाँ अनुभवको प्राप्ती, सामाजिक प्रतिष्ठा तथा अवसर बढ्ने आदिका) का विषयमा पनि जानकारी गराइन्छ ।

### ७.२.३. मध्यस्थकर्ताहरुको छनौट

माथि उल्लेख गरिएको आम भेलामा समुदायबाट मध्यस्थकर्ताहरू छनौट गर्न आग्रह गरिन्छ । त्यसपछि मध्यस्थकर्ताहरूको छनौटसम्बन्धी उनीहरूबीच आपसी छलफल शुरु हुन्छ। छलफलपछि ती छानिएका व्यक्तिहरूलाई मध्यस्थतासम्बन्धी तालिम दिइन्छ र उनीहरू मध्यस्थकर्ताका रूपमा काम गर्न थाल्दछन्। सामान्यतया गाविसमा ९-११ जना र वडामा ५-७ जना मध्यस्थकर्ता भएको मध्यस्थता समिति गठन गरिन्छ ।

छनौट उम्मेदवारको नाम प्राप्त भएपछि सभामा सो नामको घोषणा गरिन्छ र कसैको यसप्रति विरोध वा असहमति छ/छैन सोधिन्छ। यदि असहमति नभए नाम सदर गरिन्छ तर भएमा सोको विषयमा छलफल तथा विकल्पको व्यवस्था गरी सहमति कायम गरिन्छ र अन्तमा गाविस, सिभिक्ट र साझेदार संस्था भईकन सो नामावलीको औपचारिक घोषणा गरिन्छ । छनौट प्रक्रियामा गाविस, सिभिक्ट तथा साझेदार संस्थाले कुनै पनि किसिमको हस्तक्षेप गर्दैनन्। किनकी समुदायमा समुदायबाटै आफ्नोपन वा स्वामित्वको भावना रहनु र स्वयमसेवी भावनाको विकास हुनु यस कार्यक्रमका लागि अति महत्त्वपूर्ण छ र यही कार्यक्रमको मूल मर्म पनि हो ।

समितिको गठन तथा मध्यस्थकर्ताहरूको छनौटमा समुदायका मानिसहरू आफै सक्रिय हुने हुनाले उनीहरू छलफल तथा तालिम कार्यक्रममा वचनवद्ध भएर लागी पर्दछन् । यहाँ जात, धर्म, लिङ्ग, पेसा आदिका आधारमा हुने भेदभावविरुद्ध आवाज उठाउनका लागि यो वचनवद्धता आवश्यक रहन्छ। यस प्रक्रियालाई एकातिर समुदायले उच्च मूल्याङ्कन गरेको छ भने अर्कोतिर स्वयम्सेवी मध्यस्थकर्ताहरूपनि आफ्नो कामकर्तव्यप्रति वचनवद्ध रहिआएका छन्।

### ७.२.४. सिभिक्ट र साझेदार संस्थाको भूमिका

समुदायका मानिसले मध्यस्थकर्ताहरूको छनौट र समिति गठन गर्ने कार्य गर्दछन्। सिभिक्ट तथा साझेदार संस्थाले ती छानिएका व्यक्तिलाई तालिम दिने, सुपरीवेक्षण तथा अनुगमन गर्ने र व्यवस्थापकीय तथा प्राविधिक सहायता प्रदान गर्ने गर्दछन्।

उम्मेदवार छनौट भई तालिमको लागि सिफारिश भएपछि स्थानीय सहमतिको आधारमा तालिमका लागि उपयुक्त मिति, समय र स्थान निश्चित गरिन्छ। मध्यस्थताको तालिममा मानवअधिकार, आधारभूत कानुन र मध्यस्थतासम्बन्धी सीप सिकाइन्छ। यो तालिम सामान्यत: ४० देखि ४८ घण्टाको हुन्छ र यो छ दिनको आवासीय तालिमको रूपमा दिइन्छ। यसपछि वर्षको दुई पटक २० देखि २४ घण्टाको तीन दिने पुनर्ताजगी तालिम दिइन्छ। पुनर्ताजगी तालिम मध्यस्थता समितिले



मध्यस्थकर्ता तालिममा प्रशिक्षार्थीहरू मनोरञ्जन गर्दै

मध्यस्थता गर्न थालेको छ महिना अवधि पुगेपछि मात्र दिइन्छ। यसो गर्नुको प्रमुख उद्देश्य सो तालिममा मध्यस्थकर्ताहरूलाई आफ्नो अनुभव साटासाट गर्न र प्राप्त ज्ञान तथा सीपलाई अझ विस्तृत गर्न अवसर प्राप्त होस् भन्नु नै हो ।

पहिलो तालिमपछि सहभागीहरूलाई प्रमाण-पत्र प्रदान गरिन्छ र त्यसपछि उनीहरू स्वयमसेवी मध्यस्थकर्ताका रूपमा आफ्नो समूहमा स्थापित भई काम गर्न थाल्नेछन् । यसपछि जिल्लाका साझेदार संस्थाले मध्यस्थकर्ताहरूको नामावली अदालत, प्रशासन, प्रहरी तथा गाविस र वडा कार्यालयहरूमा उपलब्ध गराउँछ। नामावली उपलब्ध गराउनुको मूल उद्देश्य ती संस्थाहरूले आवश्यक परेको खण्डमा मध्यस्थकर्ताहरूलाई प्रयोग गर्न सकोस् भन्ने हो ।

## ८. सामुदायिक मध्यस्थताको प्रभाव (Impact of CMP)

### ८.१. महिलाविरुद्ध हिंसामा कमी र सामाजिक तथा सामुदायिक क्रियाकलापमा महिला सहभागिताको वृद्धि

पहिला हिंसामा कमी र सामाजिक काममा महिलाको सहभागिताजस्ता परिवर्तन समुदायमा देखा पर्न थालेको छ । यो परिवर्तन गुणात्मक भएकोले तथ्याङ्कमा प्रस्तुत गर्न कठिन नै हुन्छ। अझ भन्नु पर्दा यस बारेमा कुनै प्रकारको परीक्षण अध्ययन पनि भएको छैन । तर पनि सम्बन्धित समुदायले नि:सन्देह रूपमा यो कुरा उठाउन थालेको छ र हिंसा घटेको कुरा तत्रतत्रै सुन्न पाइन्छ । सार्वजनिक भेला, छलफल,

*मध्यस्थता सभाका दृष्यहरू हामी सबैकालागि नौला छन् । मैले जहाँ गएर मध्यस्थ सभा हेरें, त्यहाँ एउटा अनुभवी न्यायधीश जस्तो मध्यस्थ समितिका अध्यक्ष पेश भए । विवाद समाधानको एउटा प्रभावकारी तरिकाको रूपमा मैले यसलाई लिएको छु । दुवै पक्षलाई संयम र धैर्य राखेर दुवैलाई कुनै असर नपारीकन मध्यस्थकर्ताहरूले सभाको शुरुदेखि अन्त्यसम्म काम गर्दा रहेछन् । यसमा मध्यस्थकर्ताहरूको भूमिका उल्लेख्य हुँदो रहेछ जस्तो लाग्यो मलाई । झापा जिल्लका १५ वटा गाविसहरूमा भएको यो कार्यक्रम यहाँका सबै गाविसमा लागुहोस् भन्ने मलाई लागेको छ । झापामा मात्र हैन सिंगो देशभरीका ४ हजार गाविसमा नै यो कार्यक्रम लाग सकियो भने यसले सामाजिक न्यायको बाटोलाई मजबुत बनाउने छ । भविष्यमा आउने नयाँ स्थानिय निकायका पदाधिकारीलेपनि तालिम पाउनु पर्छ भन्ने मलाई लाग्दछ ।*

*खगप्रसाद नेपाल,*
*स्थानीय विकास अधिकारी,*
*झापा*

अन्तरक्रिया, गोष्ठी आदि कार्यक्रमहरूमा मानिसहरू मध्यस्थता कार्यक्रमको सञ्चालनपछि घरेलु तथा समुदायका विवादहरूमा कमी आएको र उठेका विवादहरू पनि स्थानीय तहमा नै समाधान भएको अनुभव सुनाउँदै सामुदायिक मध्यस्थता कार्यक्रमको प्रशंसा गर्दछन् ।

महिलाहरू आफ्नो घरपरिवारमा हुने झगडाहरू घटेको कुरा मुक्तकण्ठले सुनाउँछन् । अझ विशेषगरी पहिले नराम्रो सम्बन्ध भएका महिलाहरू आफ्नो श्रीमान् र परिवारका अन्य सदस्यहरूबाट पनि राम्रो व्यवहार हुन थालेको बताउँछन् । यसैगरी महिलाहरू सामाजिक कार्यमा संलग्न भएकाले उनीहरूका परिवारका सदस्यहरूले घरायसी काममा समेत सघाउन थालेका छन् । परिवारमा भएको झैं-झगडा पनि आपसी छलफलबाट समाधान गर्न थालेका छन् । धेरैजसो महिला सदस्यहरूले आफ्ना श्रीमानले कुटपिट गर्न छाडेको र घरायसी काममा सहयोग गर्न थालेको बताएका छन् ।

## ८.२ . महिला पुरुषबीचको भेदभावमा कमी

यस उपलब्धीलाई विभिन्न क्रियाकलापहरू जस्तैः मध्यस्थता सभामा खेलिने भूमिका, चेतना अभिवृद्धिका क्रियाकलापहरू तथा तालिम आदिमा महिलाहरूको सक्रिय सहभागिताले प्रष्ट गर्दछ । धेरै महिलाहरू आफ्नो घरपरिवार र समाजमा रहेको परम्परागत भूमिकाको अतिरिक्त अहिले आएर सामाजिक तथा सामुदायिक विकासका अभिन्न अङ्गको रूपमा काम गर्न थालेका छन् ।

यसैगरी पहिले बुर्का वा पर्दा पछाडी रहिआएका महिलाहरू अहिले विभिन्न सामुदायिक क्रियाकलापहरूमा पुरुषसँगै सहभागी हुन थालेका छन् । साथै पुरुषहरूलेपनि महिलाहरूलाई सामाजिक तथा अन्य क्रियाकलापहरू र मध्यस्थता समितिहरूमा सहभागी हुन प्रोत्साहित गरिरहेका छन् ।

## ८.३ . विवादहरूको संख्यामा कमी

यस सम्बन्धमा केही संख्यात्मक तथ्याङ्कहरू रहेतापनि हामी मूलतः समुदायका बासिन्दा तथा मध्यस्थकर्ताहरूको कुरामा निर्भर रहेका छौं । उनीहरूका अनुसार अहिले गाउँघरमा कम मात्र विवादहरू देखा परेका छन् । यस्तै एउटा स्पष्ट सूचक भनेको के हो भने स्थानीय बासिन्दाहरू आफ्नो विवाद समाधानका लागि अदालत वा प्रहरीभन्दा पहिले मध्यस्थता समितिमा जान थालेका छन् ।

उपलब्ध तथ्याङ्कहरूले मुद्दामामिलाहरूमा कमी आएको स्पष्ट पार्दछ । तथापी यसबारेमा पनि कुनै अध्ययन भएको छैन । अदालत, प्रहरी, कानुन व्यवसायी तथा स्थानीय बासिन्दाहरू यस सम्बन्धमा सामुदायिक मध्यस्थता कार्यक्रमको महत्त्वपूर्ण योगदान रहेकोमा विश्वास गर्दछन्।

समुदायका बासिन्दाहरू मध्यस्थता कार्यक्रमप्रति धेरै नै सकारात्मक रहेका छन् । उनीहरू यस कार्यक्रमलाई आफ्नै कार्यक्रमका रूपमा लिएर सञ्चालन गरिरहेका छन् । यसप्रति उनीहरूको भावनात्मक सम्बन्ध रहेको पाइन्छ र जसले कार्यक्रमलाई दीगो बनाउन सहयोग पुर्‍याउँछ ।

**तालिका १**: सामुदायिक मध्यस्थता कार्यक्रम सञ्चालित तीन जिल्लाहरुमा अदालतमा दर्ता भएका मुद्दाहरुको सामान्य विवरण

| | मध्यस्थता कार्यक्रम सञ्चालन | |
|---|---|---|
| | अगाडि (२००१) | पछि (२००४) |
| सप्तरी | ३१ ९४२ | २२ ३६३ |
| झापा | २५१२ | १५९२ |
| ईलाम | ४९२ | १७५ |

**श्रोत :** सामुदायिक मध्यस्थता परियोजना आधारभूत सर्वेक्षण २००४
सामुदायिक मध्यस्थता परियोजना, वार्षिक प्रतिवेदन २००४

कोष्ठ ६ : **चमेलीको कथा**

चमेली एक शिक्षित विवाहित महिला हुन् । उनी झापा जिल्लाको एउटा गाउँमा आफ्ना श्रीमान्सँग बस्दछिन् । उनको श्रीमान भने साउदी अरबमा काम गर्दछन् । यो जोडीको सन्तान भएको छैन ।

बलबहादुर सोही गाउँका एक व्यापारी हुन् । उनी व्यापारको सिलसिलामा भारततिर बरोबर आवतजावत गर्दछन् । एक दिन बलबहादुरको चमेलीसँग बजारमा भेट भयो र उनले चमेलीलाई एउटा काम खोजी दिने कुरागरे ।त्यसको केही दिनपछि चमेली घरबाट बेपत्ता भइन् । यो खबर गाउँभरी तुरुन्तै फैलियो । तत्कालै दुई जना गाउँलेहरूले चमेलीलाई बलबहादुरसँगै गाडीमा चढ्दै गर्दा देखेको कुरा बताए ।

चमेली हराएको कुरा उनका ससुराले स्थानीय गाविस कार्यालयमा जानकारी गरे । गाविस अध्यक्षले स्थानीय मानवअधिकार तथा मध्यस्थता समितिका अध्यक्षको अध्यक्षतामा एउटा समिति बनाए र चमेली र बलबहादुरका बारेमा बुझ्न भने । केही दिनपछि चमेली पुनः गाउँमा देखापरिन् । जस्तो कि हाम्रो समाजमा महिलाको आचरण र पवित्रतामा धेरै चासो राखिन्छ, गाउँमा चमेलीको विषयमा व्यापक चर्चा फैलिसकेको थिया । उनको श्रीमान्को परिवार उनीदेखि ज्यादै क्रुद्ध थिए र उनलाई घरमा छिर्न दिएनन् । घरभित्र छिर्न नदिएपछि उनी गाविसमा गइन् र स्थानीय मानवअधिकार तथा मध्यस्थता समितिमा आफ्नो समस्या समाधान गरिदिन अनुरोध गरिन् । खासमा आफू कसरी भारतको एक शहरको वेश्यालयमा बेचिइन् र त्यहाँबाट कसरी भाग्न सफल भइन् भन्ने बिषयमा सविस्तार वर्णन गरिन् र यहाँ फर्किएपछि आफूलाई घरमा छिर्न नदिइएको गुनासो सुनाइन् ।

यसपछि मानवअधिकार तथा मध्यस्थता समितिका उपाध्यक्ष र केही सदस्यहरू चमेलीको साथमा उनको घर गए । चमेलीलाई घरपरिवारमा स्वीकार्न अनुरोध गरे तर परिवारका सदस्यहरूले उनको चरित्र र पवित्रताको कुरा उठाएर घरमा छिर्न दिएनन् । त्यसपछि मानवअधिकार तथा मध्यस्थता समितिका सदस्यहरू र अन्य गाउँलेहरू मिलेर सोही घर अगाडि नै मध्यस्थता सभा आयोजना गरियो । धेरै लामो छलफल तथा विवादपछि उनको परिवार चमेलीलाई पुनः स्वीकार्न सहमत भयो । यसप्रकार मध्यस्थता समिति सदस्यहरूले चमेलीलाई उनको घरमा पुनः बस्न सक्ने गरी एउटा घरायसी समस्याको समाधान गरिदिए ।

## ९. यस अवधारणालाई सफल बनाउने मुख्य पक्ष

**Key aspects of the model that have made it successful**

### ९.१. स्वयंसेवीपन

जनताको स्वामित्वले कुनैपनि कार्यक्रममा जनताको वास्तविक सहभागिता र सोको दीगोपनालाई प्रष्ट पार्दछ । हामी यो कार्यक्रमको दीगोपनमा पूर्ण विश्वस्त छौं किनकी सामुदायिक मध्यस्थता कार्यक्रम लोकप्रिय छ र समुदायको आफ्नै कार्यक्रमको रूपमा विकास भएको छ । समुदायले यसमा आफ्नो रुची र क्रियाशीलता दुवै देखाएका छन् । यस अवधारणाको प्रमुख आत्मा भनेको स्वयंसेवीपन हो । यसमा स्वयंसेवी योगदानका अतिरिक्त सिभिक्टले शुरुमा मसलन्द तथा अन्य सामाग्रीका लागि सामान्य खर्चको व्यवस्थासमेत गरेको थियो । कार्यक्रमको अवधि पनि सकिन लागेको हुनाले हाल स्थानीय निकायबाट केही स्रोत प्राप्त गर्नका लागि हामी प्रयत्नरत छौं । यस क्रममा कार्यक्रम सञ्चालन गर्न र दीगो बनाई राख्न हामीले गाउँ विकास समिति तथा जिल्ला विकास समितिमा सहयोगकोलागि आवश्यक पहल गरिरहेका छौं । फलस्वरूप गाविसहरूले अहिले सामुदायिक मध्यस्थता कार्यक्रमकालागि छुट्टै बजेट विनियोजन गरेका छन् । यो सकारात्मक र महत्वपूर्ण पक्ष हो । तथापी हामीले स्रोतका लागि अझै पहल गरिरहनु पर्नेमा विश्वास राख्दछौं ।

### ९.२. अधिकारमा आधारित पहुँच

सामुदायिक मध्यस्थता कार्यक्रम सुरुबाट अर्थात् तालिमको क्रममा नेपालमा मानव अधिकार संस्कृति तथा अभ्यासको कमीलाई महसुस गरी सोको सम्बोधन गर्ने हेतुले अधिकारमा आधारित कार्यक्रमको रूपमा स्थापित गरिएको थियो । तालिममा सहभागीहरूलाई मानवअधिकारसम्बन्धी सामान्य ज्ञान र नेपालको संविधान/ कानुनप्रदत्त अधिकारहरूको बारेमा ज्ञान दिइन्छ । यसले समुदायभित्र र बाहिर रहेका भेदभाव, अधिकारको उल्लंघन तथा गलत प्रयोगलाई सम्बोधन गर्ने प्रयास गर्दछ । सिभिक्ट र साझेदार संस्था मिलेर मध्यस्थकर्ताहरू अधिकारमा आधारित भएर काम गरे/नगरेको कुरा अनुगमन गर्ने गरिन्छ । जस्तो कि एशियामा प्रयोगमा रहेको मध्यस्थताले 'निष्पक्ष सहजीकरण' (Neutral facilitation) लाई बुझाउँदछ र बंगलादेश, श्रीलंका, फिलिपिन्सजस्ता देशहरूमा मध्यस्थता यसरी नै बुझिन्छ तर नेपालमा प्रयोग भएको अधिकारमा आधारित मध्यस्थता समुदायकोलागि आफ्नो अधिकारहरू थाहा पाउने, त्यसको वकालत गर्ने र अभ्यास गर्ने एउटा नयाँ पक्ष उजागर गर्दछ । समुदायले अधिकारमा आधारित मध्यस्थतालाई सराहना गरेको पाइन्छ जसलाई उनीहरूको सक्रिय सहभागिताले पुष्टि गर्दछ । अझ भन्नुपर्दा यस कार्यक्रम सञ्चालन गर्न नेपालका अन्य जिल्ला र गाविसहरूबाट माग बढिरहेको छ ।

> *पहिले हामी महिलाहरू घुँग्ट लगाएर हिड्थ्यौं । गाउँका सभा सम्मेलन र छलफलमा भाग लिनु त कहाँ, त्यहाँ पुग्नुपनि हामीलागि ठूलाकै विषय थियो । तर सामुदायिक मध्यस्थता कार्यक्रमको कारणले हामी महिलालाई यस्तो अवसर मिल्यो । हिजोआज हामी आफै मध्यस्थता र मानवअधिकारको कुराबारे अरुलाई भन्दैछौं । यो कार्यक्रम हाम्रो लागि प्रभावकारी भएको छ ।*
>
> *गीता देव*
> *मध्यस्थता, सप्तरी*

## १०. वास्तविक प्रतिफल : महिला समिति, मार्च २००१ देखि सेप्टेम्बर २००५ सम्म

**Actual Outcomes: WPC, Mar. 2001 to Sep. 2005**

२००५ को सेप्टेम्बरको अन्तसम्ममा तीनवटा लक्षित जिल्लाहरूमा ९० वटा महिला समितिहरू गठन भएका छन् । यसक्रममा करिब ८००० महिलाहरूले चेतना अभिवृद्धि कार्यक्रममा भाग लिने मौका पाएका छन् भने ४८६५ महिलाहरूले मानवअधिकार, आधारभूत कानून तथा मध्यस्थता सीपसम्बन्धी तालिम हासिल गरेका छन् र यी मध्ये हाल १९९३ महिलाहरू स्वयंसेवी मध्यस्थकर्ताका रूपमा कार्यरत छन् । यस्तै कुल १२७३ विवादहरूमध्ये ९६४ विवादहरू महिलाको सक्रिय सहभागितामा सफलतापूर्वक समाधान गरिएका छन् । साथै विभिन्न मुद्दाहरूमा २८ जना महिलाहरूलाई कानुनी सहायता उपलब्ध गराई अदालत पठाएकोमा २४ जनाले आफ्नो पक्षमा निर्णय प्राप्त गरिसकेका छन् ।

**तालिका २ :**

**विवादहरूको स्वरूप अनुसारको वितरण, महिला समिति २००१ - २००५**

| **विवादको प्रकार** | **इलाम** | **झापा** | **सप्तरी** | **कुलसंख्या** |
|---|---|---|---|---|
| सामान्य झगडा, गालीगलौज | १३१ | ३११ | २१८ | ६६० |
| सम्पत्तिसम्बन्धी (अंशवण्डा र अधिकार) | ५० | ८९ | ५१ | १९० |
| भूमिसम्बन्धी | ९ | ६१ | ५८ | १२८ |
| घरेलु हिंसा | १५ | ६६ | ३९ | १२० |
| आर्थिक लेनदेन | २५ | ३४ | ४६ | १०५ |
| भेदभाव ( लैंगिक, जातीय आदि ) | १२ | १४ | १२ | ३८ |
| विवाह र सम्बन्धविच्छेद सम्बन्धी | ५ | १५ | १२ | ३२ |
| **कुलसंख्या** | **२४७** | **५९०** | **४३६** | **१२७३** |

**तालिका ३ :**

**जिल्लागत विवादहरूको वितरण, महिला समिति, सेप्टेम्बर २००५**

| **जिल्ला** | **कुलदर्ता विवाद** | **समाधान भएका** | **विचाराधीन** |
|---|---|---|---|
| इलाम | २४७ | २२२ | २५ |
| झापा | ५९० | ४९१ | ९९ |
| सप्तरी | ४३६ | २५१ | १८५ |
| **कुलसंख्या** | **१२७३** | **९६४** | **३२८** |

*स्रोत: सामुदायिक मध्यस्थता कार्यक्रम परियोजना व्यवस्थापन कार्यालय*

महिला समितिका सदस्य र समुदायका महिला यस कार्यक्रमको सञ्चालन तथा तालिमपछि बढि सचेत भएको थप बताउँछन् । यसो हुनुमा यो कार्यक्रमले अनिवार्य रूपमा ३० प्रतिशत महिलाहरू समितिमा राख्नु र एउटा छुट्टै मध्यस्थता समिति बनाउनु पनि महिलाको अधिकारमा उल्लेख्य प्रभाव पार्न मद्दत गर्नु हो ।

## ११. रणनीति कार्यान्वयनका मुख्य चुनौतीहरु (Key Challenges in Implementing the Tactic)

११.१. गरीब र पिछड्याइएका महिलाहरुलाई संगठित गर्न र विषयवस्तुहरुप्रति सचेत गराउनमा कठिनाई

हामीलाई लाग्छ कि हामीले महिलाहरुलाई घरायसी क्षेत्रबाट बाहिर ल्याउन निकै कठिनाईको सामना गर्नुपरेको थियो र यो वास्तविकता पनि हो। यद्यपी हामीलाई यी तीन जिल्लाहरुमा एउटा फाइदा के भयो भने त्यहाँ हामीले पहिल्यै तालिम प्राप्त महिला मध्यस्थकर्ताहरुलाई यस कार्यका लागि सक्रिय गराउन सक्यौं र धेरै महिला यसमा सहभागी पनि भए। शुरुमा असाक्षर महिलाहरु शिक्षित तथा कथित उच्च वर्ग/जातका महिलाहरुसँग सचेतना तथा तालिम कार्यक्रम सँगसँगै बस्न नै डराउँथे र अप्ठ्यारा मान्दथे। तथापी बिस्तारै हामी उनीहरुको भावना बदल्न सफल भयौं। जब ती अशिक्षित र दलित महिलाहरुले आफ्ना शिक्षित सहपाठीहरुपनि मानवअधिकार, आधारभूत कानुन तथा मध्यस्थतासम्बन्धी ज्ञानमा अनभिज्ञ रहेको पाए तब यसले उनीहरुमा उत्साह आयो र मनको भावना पनि बदल्न मद्दत गर्‍यो। हामीलाई पनि त्यस्ता सचेतना तथा अन्तरक्रिया कार्यक्रमले सदा हौसला प्रदान गर्‍यो र क्रमश सफलता हात लाग्यो ।

विशेषगरी महिला र उनीहरुको अधिकार र उनीहरुले हासिल गर्न सक्ने सम्भावित अवसरहरुका सम्बन्धमा प्रशिक्षण दिने जस्ता धेरै कार्यक्रमहरु हामीले सञ्चालन गर्‍यौं र त्यसले एउटा ठूलो परिवर्तन ल्यायो। प्रमुख रुपमा यस कार्यक्रममा संलग्न सदस्यहरुको घरपरिवारका सदस्यहरुलाई दैनिक जीवनमा अधिकारको महत्त्वका बारेमा बुझाउन हामीले अथक प्रयास गर्‍यौं । सिभिक्ट र साझेदार संस्थाहरु यस सम्बन्धमा उत्प्रेरित र जागरुक बनाउन धेरै कार्यक्रमहरु आफैं पनि गर्दै आएका छन्।

११.२. समुदायमा जातीय तथा वर्गीय भेदभावका कारण पृथक जात र वर्गका महिलाहरु बीचमा स्वीकार्यता वा सामाजिक समावेशीकरण स्थापना गर्नमा कठिनाई

नेपालमा अझ विशेषगरी ग्रामीण क्षेत्रमा सबै जात र वर्गका मानिसहरुलाई कुनै एक विशेष कार्यक्रममा भेला गराउनु कठिन काम हो। तर सबै पृष्ठभूमिका मानिसहरुको सहभागिताविना कुनैपनि कार्यक्रम पूर्णरुपमा सफल हुन सक्दैन भन्ने तथ्यमा हामी विश्वास गर्दछौं। यस कार्यक्रममा हामीले वास्तविक रुपमा सामाजिक समावेशीकरणलाई ध्यान दिएकाहौं। साथै कुनैपनि प्रकारको भेदभाव उन्मूलन गर्नुपर्ने आवश्यकताहरुलाई कार्यक्रममा सम्बोधन गर्न खोजेका छौं।

महत्त्वपूर्ण रुपमा मध्यस्थता कार्यक्रमले समावेशीको अवधारणालाई समेटेको छ। यो कुरा विशेषगरी मध्यस्थता सभामा झल्कन्छ। उदाहरणको लागि सभामा विवादका पक्ष तथा विपक्षका मानिसहरु जातीय, वर्गीय तथा लैङ्गिक भेदभाव बिना एकै ठाउँमा भेला हुन्छन् र एक साथ बस्ने गर्दछन्। यसले जनसमुदायमा एउटा सशक्त सन्देश पुर्‍याउँछ।

समावेशीकरणका आधारभूत अवधारणाका बारेमा जानकारी दिन हामीले यस विषयमा सार्वजनिक अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं। यस्तो कार्यक्रममा स्थानीय सरकारी निकायका प्रतिनिधिहरु / अधिकारीहरु, प्रभावशाली राजनीतिक, सामाजिक तथा सामुदायिक नेताहरु, शिक्षक, विद्यार्थी तथा सबै वर्गका मानिसहरुलाई छलफलका लागि आमन्त्रण गर्दछौं। यी महानुभावहरुले जातीय तथा वर्गीय विभेदका सम्बन्धमा कानुनी, सामाजिक, धार्मिक, साँस्कृतिक आदि अनावश्यक विभाजनका आधारहरु हुन् भन्ने धारणा राख्दछन्। यस बाहेक हामी स-साना क्रियाकलापहरु जस्तो कि चियापान कार्यक्रम, वृक्षारोपण कार्यक्रम आदि समुदायमा सञ्चालन गर्ने तथा गर्नमा सहयोग पुर्‍याउने गर्दछौं, जस्लेगर्दा समुदायका मानिसहरु एकआपसमा नजिक हुने र उनीहरुमा समानताको भावना विकास हुने गर्दछ। यस्ता क्रियाकलापहरुले स्थानीय मानिसहरुमा व्यापक परिवर्तन देखा परेको छ। सामुदायिक मध्यस्थता कार्यक्रमका यस्ता क्रियाकलापले भेदभावको संस्कार हटाउन प्रशस्त योगदान पुर्‍याएको छ। उदाहरणका लागि मानिसहरुले आजकल कथित तल्लो जात वा वर्गबाट चिया, दूध आदि उत्पादनहरु किन्ने र ग्रहण गर्ने गरेका छन् (दलितको दूध किन्ने निर्णय - तल कोष्ठमा हेर्नुहोस्)। यस्ता उदाहरणहरु जिल्ला तथा कार्यक्रम सञ्चालित गाविसहरुमा प्रशस्त देख्न पाइन्छ। जसले गर्दा

> कोष्ठ ७: **दलितको दूध किन्ने निर्णय**
>
> इलाम जिल्ला हिन्दुहरुको बाहुल्य भएको जिल्ला हो। जातपातसम्बन्धी भेदभाव यहाँ पनि रहिआएको छ। यस्तै इलाम नेपालको एक प्रमुख दूध उत्पादन गर्ने जिल्ला पनि हो। यहाँ धेरै सरकारी तथा निजी दूध संकलन केन्द्रहरु छन्। यस्ता केन्द्रहरुमा कथित तल्लो जातका मानिसहरुको पहुँच थिएन र उनीहरुले ल्याएका दूध स्वीकारिदैनथ्यो। तर त्यस क्षेत्रमा सामुदायिक मध्यस्थता कार्यक्रम स्थापित भएपछि यसले मानवअधिकार र पिछड्याइएका मानिसहरुको अधिकारको विषयमा वकालत गर्न थाल्यो र गाउँ समाजका सबै तह तथा जातजातिका मानिसहरुलाई एकै थलोमा ल्याई यस सम्बन्धमा छलफल गर्‍यो।
>
> सचेतना तालिम तथा मध्यस्थता जस्ता कार्यक्रमले समुदायमा मानिसहरुबीच रहेको लैङ्गिक, जातीय तथा वर्गीय भेदभावलाई प्रशस्त घटाउन सघाऊ पुर्‍यायो। यसो हुनुमा भेदभाव रहित समाजको निर्माण गर्ने कार्यक्रमले गरेको प्रयास नै हो। यसले समुदायका बासिन्दावीच सकारात्मक सम्बन्धको विकासमा सघाऊ पुर्‍यायो। यसको एउटा उदाहरणको रुपमा इलाम जिल्लाका दूध संकलन केन्द्रहरुले कथित तल्लो वर्ग वा जातका मानिसहरुले ल्याएको दूध लिन थालेको सन्दर्भलाई लिन सकिन्छ। यो सन्देश जिल्लाभरी स्वःस्फूर्त रुपमा फैलियो। त्यसपछि जिल्लाभरीका संकलन केन्द्रहरुको व्यवस्थापन समितिले विना कुनै भेदभाव दूध संकलन गर्ने निर्णय गर्‍यो। यसले सबैलाई फाइदा पुर्‍यायो र विशेष रुपमा पिछड्याइएका तथा कथित तल्लो जात वा वर्गका मानिसहरुलाई फाइदा पुर्‍यायो। यस अभ्यासले मानिसहरुको दैनिक जीवनका क्रियाकलापहरुमा हुने भेदभाव परिवर्तन गर्न र सोहीअनुरुप व्यवहारमापनि प्रशस्त परिवर्तन देखा पर्‍यो। यसले एउटा समतामूलक समाजको निर्माणमा महत्त्वपूर्ण सघाऊ पुर्‍याएको छ।

कथित माथिल्लो जात वा वर्गद्वारा सञ्चालित पसलहरूबाट अब कथित उपल्लो जात वा वर्गका मानिसहरूले सरसामान किन्ने, चियानास्ता गर्ने आदि कार्यहरू हुन थालेका छन्।

### ११.३. घरायसी कामका कारण महिलाहरूमा समय अभाव

हामीले यहाँ महिलाहरूको घरायसी काम तथा पारिवारिक भूमिकालाई ध्यान दिनुपर्ने हुन्छ र यसलाई हामीले प्रमुख प्राथमिकता पनि दिने गरेका छौं। अन्यथा महिलाहरूले कार्यक्रममा सहभागिता हुन सक्ने छैनन्। तसर्थ महिलाहरूसँग बसी उपयुक्त दिन र समयको पहिचान गर्ने र सोअनुरूप योजना तथा कार्यक्रम तय गर्ने गर्दछौं। यसले गर्दा महिला अनुपस्थितिलाई घटाएको र महिला सहभागिता बढाएको छ। यसप्रकार विभिन्न छलफल, अन्तरक्रिया तथा तालिम कार्यक्रमहरू बहुसंख्यक महिलाहरूलाई उपयुक्त हुने दिन र समयमा सञ्चालन गर्ने गरेका छौं। उदाहरणको लागि सामान्य भेटघाट कार्यक्रम बिदाको दिन दिउँसोको समयमा संचालन गर्ने गर्दछौं। यस्तै तालिम वा अन्य केही लामो समय लिने कार्यक्रमहरू बर्षा, रोपाई, कटाई, चाडपर्व आदि मौसममा नपर्ने गरी सूचीकृत गर्दछौं। साथमा मुख्यगरी हामी ती महिलाहरूका श्रीमान र परिवारलाई उनीहरूको घरायसी लगायतका कार्यहरूमा सहयोग गरी बाह्य कार्यक्रममा सहभागी हुने समय मिलाईदिन अनुरोध पनि गर्ने गर्दछौं। यसले ती महिलाहरूलाई धेरै हदसम्म सजिलो भएको छ र जनजीवनमा समग्र सहभागिता र सम्मिलनको अवस्थालाई फराकिलो बनाएको छ।



महिला मध्यस्थकर्ताहरू छलफल गर्दै

महिलाहरू सामाजिक क्रियाकलापहरूका साथै मध्यस्थता कार्यक्रममा प्रायः उत्साही, परिश्रमी र सक्रिय सहभागीका रूपमा देखापरेका छन्। यी क्रियाकलापहरूले एकापट्टी सशक्तिकरण गर्न मद्दत गरेको छ भने अर्को पट्टी महिलाहरूलाई घरायसी कार्यबाट बाहिर निस्कन मद्दत गरेको छ। यसरी संगठित भएका महिलाहरू गरिबहरूको सरोकारलाई पहिलो प्राथमिकतामा राख्छन्। तथापी महिलाको वास्तविक प्रगतिका लागि उनीहरू स्वयम्ले नै महसुस गर्नुपर्ने हुन्छ। विवाद समाधान र निर्णायक कार्यमा महिलाहरूको सक्रिय उपस्थितिले उनीहरूको क्षमता तथा सम्भाव्यतालाई प्रष्टचाएको छ। सामुदायिक मध्यस्थताको यस अभ्यासले महिलाहरूको अवस्थाको पहिचान गरी समष्टीकरण गर्न एउटा कोशेढुङ्गा साबित भएको छ र उनीहरूको अग्रगामी विकासको अवसरलाई पनि प्रकाश पारिदिएको छ। मध्यस्थता कार्यक्रम परम्परागत समाज परिवर्तनको दिशामा एक महत्त्वपूण कार्य हो।

### ४. सहयोगको लागि विद्यमान संरचनाको प्रयोग

हामीले मध्यस्थता कार्यक्रम गाविससँग मिलेर सञ्चालन गर्न थालेका छौं। यसो गर्दा कार्यक्रमको स्थायित्वका लागि धेरै नै फाइदा पुगेको र समुदायको स्वीकार्यता र वैधानिकतामा पनि मद्दत पुगेको अनुभव भएको छ। नेपालमा गाविसहरू स्थानीय जनताको काम गर्ने सर्वस्वीकार्य सरकारी संस्थानका रूपमा स्थापित छन्। मध्यस्थता कार्यक्रमले गाविसलाई स्थानीय तहमा स्थापित हुन मद्दत गरेको छ। खासगरी समुदायमा उठेका विवाद समाधान गर्नुका साथै विवादको उत्पत्ति नै नहुने अवस्था सिर्जना गरेर गाविसलाई स्थानीय तहमा सर्वस्वीकार्यता प्राप्त भएको छ।

### ५. मध्यस्थता कार्यका सीमाहरु

राज्यविरुद्धका अपराध, हिंसा तथा अन्य राज्यसम्बन्धी विवाद वा मुद्दाहरू यस मध्यस्थता समितिको क्षेत्र भित्र पर्दैनन्। सामान्य घरायसी हिंसा, लेनदेनसम्बन्धी विवाद, सामान्य कुटपिट, झै-झगडा, गालीगजौल आदि मात्र मध्यस्थता कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन्। ठूला-ठूला आपराधिक प्रवृतिका विवादलाई भने अदालत वा अन्य निकायमा पठाउने कार्य मध्यस्थता समितिले गर्दछ।

### ६. मध्यस्थता निर्णयहरु बाध्यकारी नभई स्वेच्छिक हुन्छन्

मध्यस्थता समितिमा हुने गरेका निर्णयहरू वा सहमतिहरू कुनै पनि पक्षका लागि बाध्यात्मक हुँदैनन्। यसको एउटा फाइदा के हो भने यदि उपरोक्त सहमति वा निर्णय कुनै पक्षका लागि सन्तोषजनक वा स्वीकार्य नभएमा समाधानकालागि अन्य विकल्प खोज्न सक्छन् अर्थात् त्यस्ता व्यक्तिले आफ्नो विवादलाई अदालतमा लैजान सक्नेछन्।

*यस मध्यस्थता कार्यक्रम र तालिमपछि हामी हाम्रो अधिकारहरू तथा विवाद उत्पतिका कारणहरूका बारेमा थाहा पायौं। पहिले हामी श्रीमान्‌सामु हरेक स-साना घटनाहरू, छिमेक तथा समुदायमा हुने गरेका झै-झगडाहरूको विषयमा गुनासो गर्ने गर्दथ्यौं जुन हाम्रो श्रीमान्‌हरूको झगडाको प्रमुख कारण हुने गर्दथ्यो र पछि गएर यसैले ठूलो विवादको रूप लिने गर्दथ्यो। तर जस्तो कि अहिले हामी सचेत भएका छौं, हामीले यस्तो गुनासो गर्न छाडेका छौं र स-साना विवादहरू आफैले मिलाउन थालेका छौं, यसले गर्दा झै-झगडा र विवादहरू कम हुन थाल्यो। यसको साथै अहिले हामीले मध्यस्थता सीप र प्रक्रिया सिक्यौं यसकारण यदि छिमेकमा कुनै विवाद भयो भने हामी विवाद समाधान गर्नका लागि जान्छौं। यसले गर्दा स-साना विवादहरू लिएर हामीलाई प्रहरी र अदालतमा जानु परेको छैन।*

*- एक महिला मध्यस्थकर्ता*

## १३. निष्कर्ष

अन्तमा मानव अधिकारको यो रणनीति अनुसरण गर्नकालागि मुख्य रूपमा सम्बन्धित क्षेत्र वा राष्ट्रको सामाजिक, साँकृतिक तथा कानुनी व्यवस्थाहरूको मूल्याङ्कन विश्लेषण गर्नु आवश्यक हुन्छ। तर जे भएतापनि यस रणनीतिको सफलताकालागि आवश्यक केही महत्त्वपूर्ण पक्षहरू भने यसप्रकार रहेका छन् :-

१. यसलाई अधिकारमा आधारित भई सञ्चालन गर्नुपर्ने हुन्छ ।

२. मध्यस्थकर्ताहरू निष्पक्ष र कुनै पनि क्षेत्रबाट (धार्मिक, राजनैतिक आदि) प्रभावित हुनु हुँदैन ।

३. यो कार्यक्रम स्थानीय निकायसँगको समन्वयमा सञ्चालन गर्नुपर्दछ ।

४. यसप्रकारको मध्यस्थता कार्यमा केही लगानी गर्ने सामुदायिक संरचना हुनुपर्दछ ।

५. यो कार्यक्रम सञ्चालन गर्दा औपचारिक न्यायिक निकाय, स्थानीय सामाजिक तथा साँस्कृतिक संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्न आवश्यक हुन्छ जसबाट मध्यस्थता कार्यलाई वास्तविक जीवनसँग एकिकृत गर्न सकियोस् ।



विवाद समाधानपछि विवादित पक्षहरु हात मिलाउँदै

## १४. सन्दर्भसूची


१. केन्द्रीय तथ्याङ्क विभाग, २००२, *नेपालको जनगणना २००१- राष्ट्रिय प्रतिवेदन*, काठमाण्डौं : राष्ट्रिय योजना आयोग, नेपाल ।

२. यातनापीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल २००५ , *सामुदायिक मध्यस्थता कार्यक्रम, आवधिक प्रगति विवरण प्रतिवेदन, जूलाई - सेप्टेम्बर २००५*, काठमाण्डौं ।

३. सिभिक्ट २००५ , *सामुदायिक मध्यस्थता कार्यक्रम बार्षिक प्रतिवेदन २००५*, काठमाण्डौं ।

४. सिभिक्ट २००४, *एक्सेस टु जस्टिस थ्रु कम्युनिटी मेडिएसन - एनालाइसिस अफ केसेज (सामुदायिक मध्यस्थता मार्फत न्यायमा पहुँच - घटनाहरूको विश्लेषण)*, काठमाण्डौं ।

५. सिभिक्ट २००२, *सामाजिक न्यायको गोरेटो, सामुदायिक मध्यस्थता कार्यक्रम तस्वीर पुस्तिका*, काठमाण्डौं ।

६. क्षेत्री, आर. बि. र एस.पी. कट्टेल, २००४, *डिस्प्युट रिजोलुसन इन नेपाल -अ सोसियो कल्चरल परपेस्टिभ (नेपालमा विवाद समाधान-एक सामाजिक साँस्कृतिक दृष्टिकोण)*, काठमाण्डौं :यातनापीडित सरोकार केन्द्र (सिभिक्ट) नेपाल

७. कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, २०४७, *नेपाल अधिराज्यको संविधान २०४७ (१९९१)*, काठमाण्डौं : कानुन किताब व्यवस्था बोर्ड ।

८. शर्मा , हरिभक्त र अन्य (सं. २००२), *डिस्ट्रिक्ट डेमोग्राफिक प्रोफाइल अफ नेपाल (नेपालको जिल्लाको जनसांख्यिकी विवरण)* काठमाण्डौं : अनौपचारिक क्षेत्र अनुसन्धान तथा अध्ययन केन्द्र ।

९. श्रेष्ठ, सूर्य प्र., शैलेन्द्र सिग्देल र तारक के.सी. १९९९, *गभर्नेन्स एसेसमेन्ट इन नेपाल (नेपालमा शासकीय मुल्याङ्कन)* ललितपुर : नेपाल प्रशासकीय प्रतिष्ठान , व्यवस्थापकीय निर्देशनालय विभाग ।

१०. युनाइटेड नेशन्स डेभलोपमेन्ट प्रोग्राम ( संयुक्तराष्ट्र संघीय विकास कार्यक्रम) २००३ , *नेपाल मानव विकास प्रतिवेदन २००२*, ललितपुर : युएनडिपी / नेपाल

स्पेसटाइम २०६१ भदौ ७, सोमबार Monday, August 23, 2004

# सप्तरीमा सामुदायिक मध्यस्थता कार्यक्रम लोकप्रिय

■ स्पेसटाइम संवाददाता

[illegible]

२०६१ असार २५, शुक्रबार Friday, July 9, 2004 स्पेसटाइम ९

# मध्यस्थता कार्यक्रम लागूपछि दलितबस्तीमा खुसीयाली

■ मुरारी गौतम

[illegible]

नेपाल समाचारपत्र

Friday, November 26, 2004 / २०६१ मंसिर ११, शुक्रबार

# दश गाविसमा मध्यस्थता कार्यक्रम विस्तार

इलाम, (नेस)

समुदायमा उत्पन्न विवादहरू समुदायमै सुल्झाउने उद्देश्यले जिल्लामा सञ्चालित मध्यस्थता कार्यक्रम थप १० गाविसमा विस्तार गरिने भएको छ। यसभन्दा अगाडि जिल्लाका १५ गाविसमा यो कार्यक्रम सञ्चालन हुँदै आएको थियो।

मानवअधिकार मञ्च इलाम र यातनापीडित सरोकार केन्द्र सिभिक्टद्वारा सञ्चालित मध्यस्थता कार्यक्रम जिल्लामा प्रभावकारी भएकाले थप १० गाविसमा यो कार्यक्रम सञ्चालन गर्न लागिएको मञ्चद्वारा सदरमुकाममा आयोजित कार्यक्रममा जानकारी गराइएको थियो।

अहिलेसम्म सञ्चालित १५ वटा गाविसका विभिन्न विषयका ६ सयभन्दा बढी विवादहरू समुदायमै मिलाइएको पनि कार्यक्रममा जानकारी गराइएको थियो।

मानवअधिकार मञ्चका अध्यक्ष डीएन पराजुलीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जिल्लामा मध्यस्थता कार्यक्रम सञ्चालन भएपछि अदालत र प्रशासनमा समेत मुद्दाको चाप घटेको सम्बन्धित कार्यालयका प्रमुखहरूले बताउनुभयो। सो कार्यक्रममा कृष्णप्रसाद भट्टराईले 'सामुदायिक मध्यस्थताद्वारा विवाद समाधान प्रक्रियाको संस्थागत विकास : सम्भावना र चुनौती' विषयक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो भने पुनरावेदन सरकारी वकिल कार्यालयका वकिल मणिराज नेउपानेले पनि सामुदायिक मध्यस्थता विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

Wednesday, 15 December, 2004

हिमालय टाइम्स

सोमबार, मंसिर ६, २०६१

# न्यायमा पहुँच बढाउन मध्यस्थता

राजविराज, मंसिर ६ (रासस)। [illegible]

[illegible]

यातना पीडित सरोकार केन्द्र। [illegible]

THE HIMALAYAN TIMES, MONDAY, MARCH 15, 2004 PAGE 3

# CIVICT to form arbitration panels

Himalayan News Service

*Kathmandu, March 14*

The Centre for Victims of Torture (CIVICT), a nongovernmental organisation, is to help settle small disputes in different districts by acting as arbitrator and thus strengthen quick justice delivery through informal sector and reduce load in the courts.

This was announced at the concluding ceremony of a two-day national conference on role of mediators in delivering justice, organised by the CIVICT.

"We will soon extend our services in 13 districts," Shambhu Kattel, coordinator of the Community Conciliation Programme of the CIVICT said.

Currently the CIVICT has introduced such programmes in three districts — Ilam, Jhapa and Sunsari — in 2001.

Judges, lawyers, and the government officials who attended the conference, suggested CIVICT to launch the programmes with coordination of the local bodies.

The conference also adopted a six-point recommendation, which suggests the government and the judiciary to launch such programmes [illegible]

The Kathmandu Post 8

Sunday, March 14, 2004

# Community mediation preferable to litigation: CJ

KATHMANDU, March 13 (PR) - Chief Justice Govinda Bahadur Shrestha today laid stress on developing community mediation to settle disputes before they come to the courts of law, as it was less expensive but more effective than the existing formal legal system.

"Settling disputes through community mediation, involves less expenses and is more effective," the Chief Justice said addressing a program in the capital today.

He also added that the result of community mediation was more practical than that of formal legal system.

Saying that community mediation

# मध्यस्थता कार्यक्रमले स्थानीय स्तरमै विवाद सुल्झिन थाल्यो

[illegible]

रणनीतिक नोटबुक श्रृङ्खला अन्तरगतका सम्पूर्ण प्रकाशनहरु
इन्टरनेटमा **www.newtactics.org** मा उपलब्ध छन् । साथै यस वेवसाइटमा
रणनीतिक तथ्यसामाग्री र अन्य सामाग्रीहरूको विवरण तथा सम्पूर्ण तथ्याङ्कहरु उपलब्ध छन् ।

NEW Tactics
in Human Rights

सेन्टर फर भिक्टिम्स अफ टर्चर
न्यू ट्याक्टिक्स इन ह्युमेन राइट्स प्रोजेक्ट
७१७ इष्ट रिभर रोड
मिनाएपोलिस एम एन ५५४१० यु.एस.ए.
www.cvt.org, www.newtactics.org

THE CENTER FOR VICTIMS OF TORTURE